श्रमिकलाई आर्थिक बोझ थपिने निर्णय कार्यान्वयन नगर्न ... पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ •अंक २२३ • २०८० साल पुस २५ गते बुधबार (10 January, Wednesday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

# मेयर सिंह छोरीकी आमाको खोजी

## निर्वाचन आयोगमा झुठा विवरण, प्रमाण लुप्त

**अनिल तिवारी**

वीरगञ्ज । मधेश प्रदेशको एकमात्र वीरगञ्ज महानगरपालिकाका मेयर राजेश मान सिंह श्रेष्ठले पिता भएर नागरिकता बनाएका किशोरीकी आमाको व्यापक खोजी हुन थालेको छ ।

मेयर श्रेष्ठले निर्वाचन आयोगमा बुझाएको व्यक्तिगत विवरणमा एकजना मात्र छोरा रहेको उल्लेख गरेका छन् । तर उनले जिल्ला प्रशासन कार्यालय पर्साबाट एकजना किशोरीको पिता भएर नागरिकता बनाएका छन् ।



प्रथम प्रतिलिपि
नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय पर्सा
नेपाली नागरिकताको प्रमाणपत्र

ना.प्र.नं. : ३४-०१-७५-०४८४७

| | | | |
|---|---|---|---|
| नाम थर: | रुबीना श्रेष्ठ | | लिङ्ग : महिला |
| जन्म स्थान: | जिल्ला : पर्सा | | |
| | म.न.पा. : बीरगंज | | वडा नं. :३ |
| स्थायी बासस्थान: | जिल्ला : पर्सा | | |
| | म.न.पा. : बीरगंज | | वडा नं. :३ |
| जन्म मिति: | साल: २०५९ महिना: ०३ गते: ३० | | |
| बाबुको नाम थर : | राजेश मान सिंह | ना.प्र.नं.: १६०३१८८१७ | |
| ठेगाना : | बीरगंज म.न.पा.-३, पर्सा | | ना. कि.: वंशज |
| आमाको नाम थर: | XXX | ना.प्र.नं.: | |
| ठेगाना : | | | ना. कि.: |
| पति/पत्नीको नामथर : | XXX | ना.प्र.नं.: | |
| ठेगाना : | | | ना. कि.: |

प्रशासकीय

श्रेष्ठकी पत्नी अन्नपूर्ण मानन्धरले एकजना मात्र छोरा रहेको पुष्टि गरेकी छन् । 'हाम्रो एकजना मात्र छोरा छन्' उनले भनिन्-' एकजना बाहेक अन्य कुनै सन्तान छैन् ।' मेयर श्रेष्ठले निर्वाचन आयोग लगायतका निकायमा बुझाएको विवरणमा एकमात्र छोराको नाम उल्लेख गरेको बताइएको छ ।

मानन्धरले रुबीना श्रेष्ठलाई छोरी मान्न अस्वीकार गरेपछि वीरगञ्जमा अहिले श्रेष्ठको आमाको खोजी व्यापक हुन थालेको छ। रुबीनाको आमा भएको दाबी हाल सम्म कसैले गरेका छैनन्।

नेपाली कांग्रेसका पर्सा जिल्ला निर्वाचन क्षेत्र नम्बर २ का सभापति मोहम्मद साहबुद्दिनले मंगलवार जिल्ला प्रशासन कार्यालय पर्सामा विवरण ढाँटेर नागरिकता दिलाएको भन्दै उजुरी दर्ता गराएका छन् ।

मेयर सिंहले किर्ते गरी रुबिना श्रेष्ठ भन्ने युवतीलाई आफ्नो छोरी बनाइ जिल्ला प्रशासन कार्यालय पर्साबाट नागरिकता दिलाएको प्रमाणसहित उनले जाहेरी दरखास्त दर्ता गराएका छन्। उजुरी दर्ता गराउन जिल्ला प्रशासन कार्यालय पुगेका क्षेत्रीय सभापतिले घटनाको सत्य तथ्य छानबिन गरी आवश्यक कारबाही गर्न प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुषाललाई आग्रह गरेका थिए। प्रतिउत्तरमा भुषालले छानबिन गर्ने प्रतिबद्धता जनाएका छन्।

कांग्रेसका क्षेत्रीय सभापति नै उजुरीकर्ता भएकाले कारबाहीको प्रक्रिया तत्काल बढ्ने विश्वास गरिएको छ । नगर प्रमुख सिंहको विरोधमा दर्ता गरिएको जाहेरीमा झुठो विवरण पेस गरी जन्मदर्ता गराइ नागरिकता बनाइएकोले 'नागरिकता र राहदानी' खारेज गरिनुका साथै नागरिकता लिने तथा नक्कली बाबु बनेर नागरिकता दिलाउने नगर प्रमुख सिंहलाई मुलुकको कानुन अनुसार कारबाही गर्न माग गरिएको छ ।

यस सम्बन्धमा नगर प्रमुख राजेशमान सिंहलाई, उनको मोबाइल नम्बर ९८०२९४५१०० मा पटक पटक फोन सम्पर्क गर्दा फोन उठेन् ।



किर्ते जालसाजी गरी नागरिकता लिएकी युवती श्रेष्ठले पासपोर्ट समेत बनाएर विदेश पुगेकी छन् ।

मेयर सिंहले वडा देखि जिल्ला प्रशासन कार्यालय पर्सासम्मका कर्मचारीलाई प्रभावमा पारेर नागरिकता दिलाएको आरोप लागेको छ । गएको स्थानीय निर्वाचनमा वीरगञ्ज महानगरको मेयरका उम्मेदवार बनेको बेला पेस गरेका पारिवारिक विवरणमा समेत रुबिनालाई छोरी बनाएको कुरा लुकाएको नेपाली कांग्रेस क्षेत्रीय सभापति साहबुदिनको आरोप छ ।

'घटनाको वास्तविकता लुकाउन धेरै प्रमाणहरु गायब गरियो' उनले भने-'तर पाप धुरीबाट कराउँछ । सिंहले नागरिकता किर्तेको घटना लुकाउन वडा कार्यालय देखि जिल्ला प्रशासन कार्यालयसम्म विभिन्न तह सम्म मिलाएको आरोपहरु लगेका छन् ।'

वीरगञ्ज महानगरपालिकाको पञ्जिकृत महाशाखामा रहेको जन्म दर्ताको रेकर्ड लगायत कतिपय लिखत प्रमाणहरु गायब गराएको सहाबुद्दिनले आरोप लगाएका छन् । नेपालको कानुनले नक्कली बाबु बनेर अपरिचित युवतीलाई नागरिकता दिलाइनु फौजदारी कसुर हो ।

पर्सा जिल्ला प्रशासन कार्यालयको नागरिकताको ढड्डा अनुसार २०७५ साउन १३ गतेको क्रम संख्या ३ मा रुबिना श्रेष्ठले नागरिकता नम्बर ३४-०१-७५-८८८४७ को प्रमाण पत्र प्राप्त गरेकी छन्। नागरिकतामा उनको जन्म मिति २०५९ असार ३० गते उल्लेख गरिएको छ। नागरिकताको सनाखत गर्ने व्यक्तिको नाम राजेशमान सिंहको नागरिकता नम्बर ३४१६०३८८८१७ उल्लेख गरिएको छ । तर आमाको महलमा कसैको नाम उल्लेख गरिएको छैन् ।

राजेशमान सिंहले छोरी बनाएकी रुबिना श्रेष्ठलाई प्रदान गरिएको नागरिकतामा तत्कालीन प्रशासकीय अधिकृत षड्कुमार पोखरेलले हस्ताक्षर गरेका छन् ।

नागरिकता जारी भएको १० दिनपछि राहदानी विभागले ११०८८८१७ नम्बरको राहदानी जारी गरेको छ । पहिलो पटक नागरिकता जारी भएको १९ महिनापछि रुबिनाले प्रतिलिपि निकालेकी छन् ।

दुई साता अघि मात्रै पर्सामा प्रमुख जिल्ला अधिकारीको रुपमा सहसचिव दिनेश सागर भुषालले पनि मेयर सिंह नक्कली बाबु बनेर एक किशोरीलाई नागरिकता दिएको विषय छानबिन गरी आवश्यक कारवाही गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

'एक किशोरीको बाबु बनेर नागरिकता दिएको जानकारीमा आएको छ, तर सरुवा भएको केही दिन मात्रै भएकाले थप अध्ययन गर्न पाएको छैन' उनले भने 'प्राप्त जाहेरीबारे विभिन्न सूचनाको आधारमा अनुसन्धान अघि बढाइने छ ।'

उच्च अदालत जनकपुरधामका अधिवक्ता विपिन झाले मेयर सिंहमाथि नागरिकतामा झुठा विवरण पेश गरेको र निर्वाचन आयोगमा समेत झुठा विवरण दिएकाले दुबै तर्फको कानुन आकर्षित हुने बताएका छन् ।

# जनकपुरधामबाट बस चोरी

**टुडे समाचारदाता**

जनकपुरधाम । रामजानकी दुल्हादुल्हीन बसपार्क जनकपुरधाममा पार्किंग गरिएको बस चोरी भएको छ। सोमवार साँझ बसपार्कमा राखिएको बसलाई मंगलवार दिउँसो ४ बजे तिर चलाउन जाँदा चोरी भएको खुलेको थियो। ना ४ ख २३२७ नवदुर्गा ट्राभल्स बस चोरी भएको धनुषाका प्रहरी प्रवक्ता डिएसपी रञ्जन अवाले पुष्टि गरे पनि बस फेला परिसकेको बताएका छन् ।

जानकी यातायात बस प्रा.लि.का अध्यक्ष मनोज चौधरीले जनाए अनुसार चोरी गरी लगिएको बस सिरहा जिल्लाको गोलबजारको राजमार्ग छेउमा फेला परेको छ।

सो बस महोत्तरीको पिपरा गाउँपालिका ३ बस्ने कालिन्द्र मिश्राको रहेको चौधरीले बताए ।

डिएसपी अवालेका अनुसार पूर्वपश्चिम राजमार्गको छेउमा बेवारिसे अवस्थामा फेला परेको जनाएका छन् ।







# 'पाँच वर्षमा शतप्रतिशत साक्षरता, शिक्षा क्षेत्रमा बजेटको १७ प्रतिशत लगानी'

काठमाण्डु। अहिले मस्यौदा निर्माणको क्रममा रहेको सोह्रौँ पञ्चवर्षीय आवधिक योजनाले आगामी पाँच वर्षभित्रमा पाँच वर्ष उमेर समूह वा सोभन्दामाथिको साक्षरतादर शतप्रतिशत पुऱ्याउने लक्ष्य अघि सारेको छ। १६औँ आवधिक योजनाको मस्यौदामाथि सोमबार र मङ्गलबार भएको छलफलमा आयोगले शिक्षा क्षेत्रको यस्तो अवधारणा अघि सारेको हो।

आयोगका अनुसार पाँच वर्ष र सोभन्दा माथिको साक्षरता दर अहिले ७६ दशमलव दुई प्रतिशतमात्र छ। १६औँ योजना सकिने मिति अर्थात् आर्थिक वर्ष २०८५/८६ सम्ममा यसलाई शतप्रतिशत पुऱ्याउने लक्ष्य तय गर्न लागिएको छ।

यसैगरी, १६औँ योजनाले शिक्षण सिकाइमा सबै विद्यालयमा इन्टरनेटको पहुँच पुऱ्याउने लक्ष्य समेत अघि सारेको छ। अहिले सहरी क्षेत्रका विद्यालयमा शिक्षण सिकाइमा इन्टरनेटको पहुँच पुगे पनि अधिकांश विद्यालयमा शिक्षण सिकाइका लागि इन्टरनेटको पहुँच पुग्न सकेको छैन। यस्तो दर हाल ३५ दशमलव नौ प्रतिशत रहेकोमा पाँच वर्षमा शतप्रतिशत पुऱ्याउने लक्ष्य आयोगले निर्धारण गर्न लागेको हो।

यद्यपि, मस्यौदामा समेटिएका यी लक्ष्यमाथि अन्तिम टुङ्गो नलागेको आयोगका सदस्य डा रमेशचन्द्र पौडेलले बताए। पौडेलकाअनुसार मस्यौदा माथिको छलफल अन्तिम चरणमा पुगेको छ। मस्यौदा माथि विभिन्न क्षेत्रबाट आएका सुझावहरु समेत समेटेर आयोगले आवधिक योजनालाई अन्तिम रुप दिनेछ।



**शिक्षा क्षेत्रको कुल बजेट १७ प्रतिशत**

शिक्षा क्षेत्रमा हाल सरकारले कुल बजेटको १० दशमलव ९५ प्रतिशत बजेट विनियोजन गरेको छ। आगामी पाँच वर्षमा आयोगले शिक्षा क्षेत्रको बजेटलाई बढाएर १७ प्रतिशत बनाउने लक्ष्य लिएको छ। १६औँ योजनाको मस्यौदामा उल्लेख भए अनुसार हाल प्रारम्भिक बालविकास र शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना हुने बालबालिकाको संख्या ७६ दशमलव ९ प्रतिशत छ। पाँच वर्षमा यसलाई बढाएर शतप्रतिशत पुर्याउने लक्ष्य तोक्न लागिएको छ।

यसैगरी आधारभुत तह कक्षा १-८ मा पूरा गर्ने दर ७७ दशमलव १ प्रतिशत रहेकोमा यसलाई ९१ प्रतिशत पुर्याउने र माध्यमिक तहको कक्षा १२ सम्म पुग्ने दर ३५ दशमलव ६ प्रतिशत रहेकोमा ५० प्रतिशत पुर्याउने लक्ष्य तोक्न लागिएको छ। त्यस्तै, उच्च शिक्षा प्राविधिक विषयमा अध्ययन गर्ने विद्यार्थीको हिस्सा हाल २० दशमलव ७२ प्रतिशत रहेकोमा यसलाई बढाएर आव २०८५/८६ सम्म ३० प्रतिशत पुर्याउने १६ औँ योजनाको मस्यौदामा उल्लेख छ।

**स्वास्थ्य क्षेत्रका के-के विषय समेटिँदैछन् ?**

आयोगमा स्वास्थ्य हेर्ने सदस्य डा आरपी बिच्छाको अध्यक्षतामा सोमबार र मंगलबार छलफल भएको थियो। छलफलमा प्रस्तुत मस्यौदा अनुसार पाँच वर्षे आवधिक योजनामा गम्भीर प्रकृतिका रोगको विश्वसनीय विशिष्ट स्वास्थ्य उपचार स्वदेशमा नै हुनसक्ने गरी स्वास्थ्य प्रणालीको सुदृढीकरण गर्ने लक्ष्य राखिएको छ।

सबै नागरिकमा स्वास्थ्य बीमा पुऱ्याउने लक्ष्यसहित आयोगले स्वास्थ्य सेवालाई सर्वव्यापी, पहुँचयुक्त र समतामुलक बनाउने लक्ष्य राखेको सदस्य डा बिच्छाले जानकारी दिए। उनका अनुसार १६औँ योजनामा विद्यमान स्वास्थ्य बीमा कार्यक्रमको समग्र पुनरावलोकन गरी समयानुकूल संशोधन एवम् परिमार्जन गरी सबै नागरिकलाई स्वास्थ्य बीमामा आवद्ध गराउने लक्ष्य सरकारले लिने भएको छ। विशेषज्ञ र विशिष्टिकृत स्वास्थ्य सेवालाई समेत स्वास्थ्य बीमामा समेट्ने लक्ष्य योजनामा समेटिएको छ।

जिल्ला स्तरका अस्पतालको स्तरोन्नति गरी न्यूनतम विशेषज्ञ सेवा उपलब्ध गराउने र सबै प्रदेशमा प्रेषण अस्पताल निर्माणको लक्ष्य समेत १६औँ योजनाले तय गर्ने भएको छ।

मातृ मृत्युदर प्रतिएक लाख जीवित जन्ममा एक सय ५१ रहेकोमा अबको ५ वर्ष भित्र ८५ पुऱ्याउने १६औँ योजनाको लक्ष्य छ। सडक दुर्घटनामा ज्यान गुमाउने व्यक्तिको संख्या प्रतिएक लाखलाई ६ दशमलव २ मा झार्ने लक्ष्य रहेको छ। अहिले यो आँकडा नौ दशमलव पाँच जना छ।

आगामी पाँच वर्षमा पूर्ण खोप लगाउने बालबालिकाको सङ्ख्या ९५ प्रतिशत पुऱ्याउने लक्ष्य तय गर्न लागिएको छ। यो तथ्याङ्क अहिले ८० प्रतिशत रहेको छ। अहिले स्वास्थ्य बीमा कार्यक्रमम नविकरण दर ३९ प्रतिशत रहेकोमा पाँच वर्षभित्र यो ९० प्रतिशत लैजाने लक्ष्य छ। तीस मिनेटको दूरीमा स्वास्थ्य संस्था भएका घरधुरी ७७ रहेकोमा यसलाई बढाएर ८६ पुऱ्याउने १६औँ योजनाको लक्ष्य छ। पाँच वर्ष मुनिका बच्चा मध्ये जन्म दर्ता गरिएका बालबालिका शतप्रतिशत पुऱ्याउने सरकारको लक्ष्य छ। अहिले यो ६३ प्रतिशत मात्र छ।

आयोगले आगामी माघ मसान्तभित्र १६औँ योजनालाई अन्तिम रुप दिने गरी तयारी तीव्र बनाएको छ। आयोगका प्रवक्ता यमलाल भुसालका अनुसार सातै प्रदेशमा पुगेर प्रदेश सरकार र स्थानीय तहको समेत सुझाव समेटिएको छ। यसबाहेक निजी क्षेत्रसहित सबै क्षेत्रका विषय विज्ञहरु समेतको सुझाव लिएर योजनाको काम भइरहेको छ।रासस

# कोशीको सभामुखमा विष्ट




**टुडे समाचारदाता**

मोरङ। कोशी प्रदेशका प्रदेश प्रमुख परशुराम खापुङ्ले प्रदेशसभाका नवनिर्वाचित सभामुख अम्बरबहादुर विष्टलाई मंगलबार शपथ गराएका छन्।

प्रदेश प्रमुख खापुङ्ले प्रदेश प्रमुखको कार्यालय विराटनगरमा आयोजित एक विशेष समारोहबीच सभामुख विष्टलाई पद तथा गोपनीयताको शपथ गराएका हुन्। प्रदेशसभाबाट निर्वाचित सभामुख विष्ट प्रदेशसभाको नियमावली-२०७४ को नियम ८ बमोजिम शपथ गराइएको हो।


शपथ समारोहमा प्रदेशका मुख्यमन्त्री केदार कार्की, निवर्तमान तथा पूर्वमुख्यमन्त्री क्रमशः हिक्मतकुमार कार्की, उद्धव थापा र राजेन्द्र राई, पूर्वसभामुख, प्रदेशका मन्त्री, प्रदेशसभाका सदस्य, सुरक्षा निकायका प्रदेश प्रमुख र विभिन्न राजनीतिक दलका कार्यकर्ताको उपस्थिति रहेको थियो।

यसअघि मंगलबार बसेको प्रदेशसभाको बैठकमा प्रदेशसभा नियमावली, २०७४ (पहिलो संशोधन समेत)को नियम ७ बमोजिम भएको निर्वाचनमा गठबन्धन दल र नेकपा (एमाले) को सहमतिमा सभामुख विष्ट निर्विरोध निर्वाचित भएका छन्। विष्ट राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)बाट प्रदेशसभा सदस्य भएका हुन्।

# अढाई महिना देखि युवक वेपता

**टुडे समाचारदाता**

जनकपुरधाम। धनुषाको क्षीरेश्वरनाथ नगरपालिकाका एक युवक अढाई महिना देखि हराई रहेका छन्।



नगरपालिकाको कुम्हौल टोल स्थित घरबाटै हराएका २१ वर्षिय राजु कुमार यादव नाम गरेको व्यक्ति विगत अढाई महिना देखि परिवारबाट सम्पर्क विहिन रहेको युवककी दिदी नितु यादवले बताईन्।

मानसिक सन्तुलन विग्रेको अवस्था रहेको युवक घरबाट दिउसोको समयमा घरबाट बाहिर निस्केको र अढाई महिना वितिसक्दा समेत अहिले सम्म घर नफर्केको उनले बताईन्। उनले कहि कतै उनलाई भेट नजिकको प्रहरी चौकी या पिता रामचन्द्र यादव वा मोवाईल नम्बर ९८४४०३६६६५ मा सम्पर्क गरि सहयोग गरिदिन उनले आग्रह समेत गरेकी छन्।

# शान्ति समाजको संरचनामा ४० प्रतिशत महिला अनिवार्य

**टुडे समाचारदाता**

काठमाण्डु। मानव अधिकार तथा शान्ति समाजको केन्द्रीय तथा जिल्ला कार्यसमितिमा न्यूनतम ३३ प्रतिशत महिला प्रतिनिधित्व रहेकोले अब ४० प्रतिशत पुऱ्याउने सङ्कल्प प्रस्ताव पारित भएको छ।

समाजको २६औँ राष्ट्रिय परिषद् बैठकले योसहित ११ वटा प्रस्ताव पारित गर्दै सम्पन्न भएको अध्यक्ष रामकृष्ण बरालले रासससलाई जानकारी दिए। समाजले चुरे ध्वस्त पार्न पाइँन : मरुभूमिकरण गर्ने नीति चाहिँदैन शीर्षकको प्रस्तावमा बाह्य दबाबमा परेर चुरे ध्वस्त पारी ढुङ्गा, गिटी निकासीको योजना पर्यावरणीय सन्तुलनका हिसाबले आपत्तिजनक भएको हुँदा चुरे ध्वस्त पार्नेनीति खारेज गर्न सरकारलाई आग्रह गरेको छ।

विकासको अधिकार अन्तर्गत राष्ट्रिय परिषद् बैठकले तराई-मधेशको जीवनरेखाको रुपमा रहेको हुलाकी सडकमार्ग शीघ्र सम्पन्न गर्न ध्यानाकर्षण र कर्णालीको उत्थानमा योगदान गर्न १० बुँदाको आग्रहसहित प्रस्ताव पारित गरेको उहाँले बताउनुभयो। यसैगरी राष्ट्रलाई हानी पुऱ्याउने एनसेल घोटाला प्रकरण राज्यविरुद्धको अपराध भन्दै त्यसविरुद्ध वृहत् अभियान सञ्चालन गर्ने निर्णय पनि गरेको छ।

सङ्क्रमणकालीन न्याय प्रक्रिया सम्बन्धमा संसदा विचाराधीन विधेयकलाई मानव अधिकारमैत्री बनाइ टुङ्गोमा पुऱ्याउन आग्रह गर्दै यस विषयमा संसद् संवेदनशील नबन्ने हो भने भविष्यमा विभिन्न खाले हस्तक्षेप निम्तिन सक्ने सम्भावनाप्रतिसमेत ध्यानाकर्षण गराएको छ। वातावरणमा हानी गर्ने सामग्री प्रयोग नगर्ने सङ्कल्पसहित २६औँ राष्ट्रिय परिषद् बैठकले लोकतन्त्रको प्राणः सुशासन र सद्भाव भएको स्मरण गराउँदै समुदायबीच स्थिर र सुमधुर सम्बन्धमा जोड दिएको छ।

> राष्ट्रिय परिषद्कै उद्घाटन सत्रलाई पनि सोही अनुरुप परिमार्जन गारिएको थियो। वर्ष २०८१ को राष्ट्रिय परिषद् बैठक शान्ति समाजको चितवन र नवलपुर शाखाको संयुक्त आयोजनामा हुदैछ भने २०८२, ८३ र ८४ को राष्ट्रिय परिषद् बैठक पाल्पा, सुर्खेत र महोत्तरी शाखाको आतिथेयमा गर्ने निर्णय पनि परिषद् बैठकले गरेको छ।

इजरायलको बर्बरता र हमासको आतङ्क विश्व शान्तिका लागि खतरा भएको भन्दै हमासद्वारा बन्धक बनाइएका विपीन जोशीसहित सबैको रिहाइको माग गरिएको छ।भने इजरायलले गरेको मानवताविरुद्धको अपराधको निन्दा गरिएको छ। शान्ति समाजले कार्यक्रम गर्दा पृथक स्वरुपका केही कार्यक्रमलाई छाडेर सबै कार्यक्रम नागरिक संवाद कार्यक्रमको रुपमा आयोजना गर्ने निर्णय पनि राष्ट्रिय परिषद बैठकले गरेको छ।

राष्ट्रिय परिषद्कै उद्घाटन सत्रलाई पनि सोही अनुरुप परिमार्जन गरिएको थियो। वर्ष २०८१ को राष्ट्रिय परिषद् बैठक शान्ति समाजको चितवन र नवलपुर शाखाको संयुक्त आयोजनामा हुँदैछ भने २०८२, ८३ र ८४ को राष्ट्रिय परिषद् बैठक पाल्पा, सुर्खेत र महोत्तरी शाखाको आतिथेयमा गर्ने निर्णय पनि परिषद् बैठकले गरेको छ।

शान्ति समाज पर्सा शाखाको आतिथेयमा सम्पन्न बैठकमा ३२ जिल्ला शाखाबाट प्रतिनिधि तथा पर्यवेक्षक गरी १९१ को सहभागिता रहेको थियो। आयोजनाको खर्च आतिथेय पर्सा शाखाले र यातायात खर्च सहभागी स्वयंले बहन गरेको जनाइएको छ।

# दुई उम्मेदवारविरुद्ध

**टुडे समाचारदाता**

काठमाण्डु। राष्ट्रियसभा सदस्य निर्वाचनमा उम्मेदवारी दिनुभएका दुई उम्मेदवारविरुद्ध उजुरी परेको छ। सुदूरपश्चिम प्रदेशमा नेपाली काँग्रेसका तर्फबाट अपाङ्गता भएका व्यक्तिको समूहबाट उम्मेदवारी दिएका नारायणदत्त भट्ट र कर्णाली प्रदेशमा नेकपा (माओवादी केन्द्र)का दलित समूहका उम्मेदवार विष्णु विकविरुद्ध उजुरी परेको निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिए।

भट्टविरुद्ध एमालेका उम्मेदवार रामचन्द्र जोशीले अपाङ्गतासम्बन्धी प्रमाण नपुगेको तथा कर्णाली प्रदेशका माओवादी केन्द्रका उम्मेदवार विकविरुद्ध एमालेकै उम्मेदवार हिकमत विकले प्रतिनिधिसभा सदस्यको बन्दसूचीमा नाम भएको भन्दै उजुरी दिएका हुन्।

राष्ट्रियसभा सदस्यको रिक्त १९ पदका लागि आगामी माघ ११ गते हुने निर्वाचन कार्यतालिका अन्तर्गत सोमबार ५२ जना उम्मेदवारले मनोनयनपत्र दर्ता गराएका थिए। उम्मेदवारीउपर मंगलबार दाबीविरोध र उजुरी, पुस २५ र २६ गते जाँचबुझ गरी उम्मेदवारीको नामावली प्रकाशन तथा पुस २७ गते नाम फिर्ता लिन चाहने उम्मेदवारको नाम फिर्ता र उम्मेदवारको अन्तिम नामावली प्रकाशन हुनेछ।

निर्वाचन अधिकृतको कार्यालयले उम्मेदवारलाई निर्वाचन चिह्न पुस २८ गते प्रदान गर्नेछ। यस निर्वाचनमा प्रदेशसभा सदस्य र गाउँपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिका प्रमुख र उपप्रमुख मतदाता रहने छन्।

यस निर्वाचनमा सात प्रदेशमा एक-एक मतदानस्थल र दुई-दुई मतदान केन्द्र कायम गरिएको छ। मतदान माघ ११ गते बिहान ९ बजेदेखि दिउँसो ३ बजेसम्म हुनेछ। स्थायी सदनका रुपमा रहेको ५९ सदस्यीय राष्ट्रियसभाका एक तिहाइ सदस्यको कार्यकाल प्रत्येक दुई वर्ष कार्यकाल सकिन्छ। यस निर्वाचनमा विभिन्न प्रदेश र क्षेत्रबाट महिला, दलित, अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक र अन्य समुदायबाट सदस्यको चयन हुनेछ।

# कोरोनाका कारण विदेशी पर्यटक जान पाएनन्

**टुडे समाचारदाता**

महेन्द्रनगर। कञ्चनपुरको गड्डाचौकीबाट भारत जाने विदेशी पर्यटकलाई भारतीय पक्षले रोक लगाएपछि यहाँ पर्यटकीय गतिविधिमा कमी आएको छ।

गड्डाचौकीस्थित अध्यागमन कार्यालयका नायब सुब्बा पदमराज भट्टले कोरोनाको दोस्रो भेरियन्टसँगै भारतीय पक्षले बन्देज लगाएकाले यहाँ पर्यटकको चलपहलमा कमी आएको बताए।

सन् २०२३ मा गड्डाचौकी नाकाबाट नौ सय ८३ विदेशी पर्यटक नेपाल भित्रिएका थिए। यहाँबाट भित्रिनेहरू प्रायः भैरहवाको नाकाबाट भारत जाने गरेका उनको भनाइ थियो।

"यहाँबाट फ्रान्स, नेदरल्याण्ड, अमेरिका, बेलायत र जर्मनलगायत मुलुकका नागरिक नेपाल भ्रमणका लागि बढी भित्रिने गरेका छन्। दोस्रो भेरियन्टपछि पर्यटकको फिर्तीका लागि व्यवस्था मिलाउन माथिल्लो निकायमा पत्राचार गर्नाका साथै स्थानीयस्तरबाट पहल गरिएको थियो", नासु भट्टले भने, "तर अझै नाका भने सहज गरिएको छैन।"

यहाँबाट नेपाल प्रवेश गर्ने पर्यटक लुम्बिनी, पोखरा र बर्दियालगायत स्थानमा जान बढी रुचाउने गरेको उनले जानकारी दिए। "शुक्लाफाँटा राष्ट्रिय निकुञ्जलगायत यहाँका पर्यटकीयस्थलका बारेमा नाकामा कुनै खाले प्रचार नै भएन," नासु भट्टले भने, "केही दिनअघि मात्रै शुक्लाफाँटाको एउटा बोर्ड राखिएको छ।" त्यसैगरी केही समयअघि गृह जिल्ला कञ्चनपुर पुगेका पराराष्ट्रमन्त्री नारायणप्रकाश साउदसित पनि पर्यटकका लागि नाका सहज गरिदिनेबारे कञ्चनपुर उद्योग वाणिज्य सङ्घलगायत यहाँका व्यापारी र व्यवसायीले माग गरेका थिए।

जिल्ला उद्योग वाणिज्य सङ्घका महासचिव खगेश्वरप्रसाद बोहराले नाकाबाट पर्यटक जाने विषयमा मन्त्रीस्तरमा वाणिज्य सङ्घले पहल गरे पनि सुनुवाइ नभएको बताए। "पर्यटकलाई नेपाल भित्रिँदा पनि रु २५ हजारभन्दा बढी रकम ल्याउन पनि नदिएको गुनासो छ," उनले भने, "त्यसका लागि पनि हामीले पहल गरिदिन आग्रह गर्दै आएको छौँ।"


**मोटरसाईकल हरायो**

मेरो निम्न ब्होरा भएको जिल्ला धनुषा ज.उ.म.न.पा. वडा नं. ७, भ्रमरपुरा स्थित घरको बरण्डामा Parking गरिराखेको अवस्थाबाट मिति २०८०/०९/२० गते करिब राती १०:०० बजे मधेश प्रदेश ०२-००६ प ४६७१ नम्बरको रातो कालो रंगको ईन्जिन नं. DHXRNC61755 चेचिस नम्बरMD2A11CXXNPC17597 को बजाज कम्पनीको पल्सर 150cc रहेको मोटरसाईकल हराएकोले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौकी अथवा तलको ठेगानामा खबर गरिदिनु हुन अनुरोध छ।

नामः राजु कुमार कापर
ठेगानाः जनकपुरधाम ७,भ्रमरपुरा चौक
मो. नं. ९८१७८२४८५६


## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता। |
| बृष | : प्रतिभा सम्पन्नता। |
| मिथुन | : शिक्षामा उन्नति। |
| कर्कट | : पारिवाहिक सुख। |
| सिंह | : धन वृद्धि सञ्चय। |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख। |
| तुला | : सुख समृद्धि हुने। |
| बृश्चिक | : भ्रमण अवसर हुने। |
| धनु | : अवसर प्राप्त। |
| मकर | : वाद विवादबाट बच्नु। |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ। |
| मीन | : नयाँ कार्य हुने। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरी जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका-६ स्थित खैराचोकमा बढ्दै गरेको जाडो छल्न आगो ताप्दै स्थानीय बासिन्दा। *तस्विर : रासस*

# थमन विक हत्याकाण्डमा जन्मकैद सजाय पाएका ठाकुर जेल चलान

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश आन्दोलनका क्रममा मारिएका सशस्त्र प्रहरी असई थमन विक हत्या मुद्दामा जन्मकैदको सजाय पाएका मोहन ठाकुरलाई जेल चलान गरिएको छ।

जलेश्वर नगरपालिका ९ निवासी मोहन ठाकुर लेनदेन मुद्दामा सिन्धुली कारागारमा सजाय पूरा गरी छुटेको समयमा उनलाई पुनः प्रहरीले पक्राउ गरी थमन विक हत्यामा दोषी करार भएकोले पुनः जेल चलान गरेको छ। जन्मकैद सजाय पाएकोमा प्रहरीले महोत्तरी जिल्ला अदालतमा बुझाएपछि जिल्ला अदालत महोत्तरीबाट सजाय भुक्तानी गर्न जलेश्वर कारागारमा बुझाएको छ।

उनलाई गत मंसिर २८ गतेको जिल्ला अदालत महोत्तरीको फैसलाले दोषी करार भई गत पौष १३ गते जलेश्वर कारागार चलान गरिएको छ। उनले सजाय भने पौष १२ गते देखि गणना हुने छ।

सोही मुद्दामा पहिलो पटक पक्राउ परी पुर्पक्षमा उनले २ महिना २५ दिन कारागारमा बसिसकेकोमा उनको २० वर्षको सजायबाट सोही समय कट्टा भइ उनले थप १९ वर्ष ९ महिना ५ दिन सजाय भुक्तान गर्नुपर्नेहुन्छ।

यता सोही मुद्दामा पहिले देखि नै पुर्पक्षमा रहेका प्रदीप साह माझी र संजय कुमार साहले समेत जन्मकैदको कुल बिस वर्ष सजाय मध्ये हालसम्म कारागारमा बसेको समय कट्टा गरी थप सजाय काट्नु पर्ने हुन्छ।

# शिक्षकको पिटाइबाट विद्यार्थी घाइते

**टुडे समाचारदाता**

वीरगञ्ज। निजी विद्यालयका शिक्षकको कुटाइबाट एक विद्यार्थी घाइते भएका छन् । विद्यालयमा विद्यार्थीलाई कुटपिट गरेको आरोपमा



शिक्षकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । विद्यार्थीलाई कुटपिट गरेको आरोपमा महानगरपालिकाको वडा नम्बर १९ मा रहेको गोल्डेन गल्ब बोर्डिङ्ग स्कुलका शिक्षक शशी यादवलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

यादवले कक्षा ३ मा अध्ययनरत १२ वर्षीय प्रितम साह कुटपिट गरी घाइते बनाएको आरोपमा प्रहरीले पक्राउ गरेको छ। प्रितमको वीरगञ्ज स्थित नारायणी अस्पतालमा उपचार भइरहेको छ। उनको आँखा र शरीरको विभिन्न भागमा गम्भीर चोटपटक लागेको डामहरु देखिएको छ।

विद्यालयमा दुई दिन अनुपस्थित भएको भन्दै शिक्षक यादवले पाइपबाट कुटपिट गरेको अभिभावकको आरोप छ।

शिक्षक यादवको कुटपिटबाट दिउँसो १ बजे घाइते भएका प्रितम अपरान्ह ४ बजे घर पुगेपछि मात्र घटना बारे थाहा भएको उनका काका मुकेश साहले बताए । घाइते वालकको उपचारको लागी नारायणी अस्पताल भर्ना गराउनुका साथै कुटपिट गर्ने शिक्षक र विद्यालय विरुद्ध प्रहरीमा उजुरी गरिएको साहले बताए।

विद्यार्थीलाई कुटपिट गर्ने शिक्षक यादव प्रहरीको नियन्त्रणमा रहेको अस्थायी प्रहरी पोष्ट बिन्दवासिनीका प्रहरी सहायक निरीक्षक (असई) रामबाबु गुप्ताले जानकारी दिए। शिक्षक यादवलाई प्रहरी पोष्ट बिन्दवासिनीको नियन्त्रणमा राखेर घटना बारे अनुसन्धान भइरहेको असई गुप्ताले जानकारी दिए।

# डिआईजी भट्टराईलाई अपराध अनुसन्धान विभागमा सरुवा

**टुडे समचारदाता**

जनकपुरधाम। मधेश प्रदेशका प्रहरी प्रमुख डिआईजी जनक भट्टराईको सरुवा भएको छ।

भट्टराईलाई नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग अपराध अनुसन्धान निर्देशनालय नक्सालमा सरुवा भएको छ।

डिआईजी भट्टराईको स्थानमा नेपाल प्रहरी प्रधान कार्यालय अपराध अनुसन्धान विभाग अपराध अनुसन्धान निर्देशनाल नक्सालबाट डिआईजी सुरेन्द्र मैनालीलाई गृह मन्त्रालयले सरुवा गरेको छ।

गृह मन्त्रालयले मंगलवार नेपाल प्रहरीका १६ जना नायब महानिरीक्षक (डीआईजी)को सरुवा गरेको छ।

# माल्टा पठाइदिन्छु भनी ठगी गर्ने दुई पक्राउ

**टुडे समाचारदाता**

काठमाण्डु। माल्टा पठाइदिन्छु भन्दै ठगी गरेको अभियोगमा दुई जनालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा मोरङ सुन्दरहरैंचा नगरपालिका-८ घर भई हाल काठमाडौं टोखा नगरपालिका-५ धापासी बस्ने क्यापिटल मेनपावरका सञ्चालक ४४ वर्षीय टङ्कप्रसाद सुवेदी र झापा बिर्तामोड नगरपालिका-४ घर भई ललितपुर, ललितपुर महानगरपालिका-१५ सातदोबाटो बस्ने ३४ वर्षीय विक्रम दाहाल रहेका छन्।

वैदेशिक रोजगारीका लागि माल्टा पठाई प्रतिष्ठित होटलमा मासिक रु ८० हजार तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी टङ्कप्रसादले एक जना पीडितबाट रु तीन लाख र विक्रमले एक जनालाई मासिक रु एक लाख तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी रु आठ लाख ९० हजार ठगी गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ। काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले टङ्कप्रसादलाई काठमाडौं बसुन्धराबाटरविक्रमलाईललितपुर सातदोबाटोबाट पक्राउ गरेको हो।

उनीहरूलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल पठाइएको पनि प्रहरी प्रधान कार्यालयले जनाएको छ।

**सतचालीस किलो अवैध चाादीसहित तीन जना पक्राउ**

काठमाडौंमहानगरपालिका-२१ भोटेबहाल, कोटेश्वर लगायतका स्थानबाट ४७ किलो अवैध चाँदीका विभिन्न गरगहनासहित तीन जनालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेमा बारा कैलया नगरपालिका-१० का ५० वर्षीय कामेश्वर साह, पर्सा वीरगञ्ज महानगरपालिका-३ का ३२ वर्षीय सुमनकुमार सर्राफ र बारा बिश्रामपुर गाउँपालिका-५ का २० वर्षीय मनीष सर्राफ रहेका छन्।

भोटेबहाल, कोटेश्वर लगायत विभिन्न ठाउँमा राजश्व छलि गरी बिल-बिजक बिना चाँदीका गरगहना भण्डार गरी बिक्री गर्ने गरेको भन्ने सूचनाका आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले अनुसन्धान गर्ने क्रममा उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो। राजस्व छली सम्बन्धी कसूरमा थप अनुसन्धान तथा कारवाहीका लागि उनीहरूलाई राजस्व अनुसन्धान विभाग हरिहर भवन ललितपुर पठाइएको छ।

**चोरीमा संलग्न रहेको अभियोगमा पक्राउ**

काठमाडौंमहानगरपालिका-३२ पेप्सीकोलास्थित एक्टिभ मोबाइल पसलबाट चोरी भएको घटनामा संलग्न रहेको अभियोगमा सप्तरी कटौना गाउँपालिका-९ घर भई काठमाडौं पेप्सीकोला बस्ने ३२ वर्षीय रामानन्द मण्डललाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

उक्त पसलबाट मङ्सिर १४ गते राति विभिन्न कम्पनीका २७ थान मोबाइल सेट तथा घडी समेत गरी करिब रु पाँच लाख ५२ हजार ९०० बराबरको धनमाल चोरी भएको घटनाको अनुसन्धानको क्रममा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले मण्डललाई काठमाडौं पेप्सीकोलाबाट चोरी गरेका १४ थान मोबाइलसहित पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको प्रधान कार्यालयले जनाएको छ।

**जुवातास खेलिरहेका चार जना पक्राउ**

काठमाडौंमहानगरपालिका-३१ आलोकनगरस्थित रेष्टुरेण्टमा जुवातास खेलिरहेको अवस्थामा सिन्धुपाल्चोक बलेफी गाउँपालिका-९ घर भई भक्तपुर बस्ने ४० वर्षीय गोपाल चौंलागाई समेत चार जनालाई सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त वानेश्वरबाट खटिएको प्रहरीले उनीहरूलाई नगद रु तीन लाख १८ हजार ९८०, १०५ अमेरिकी डलर र चार बुक ताससहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

**पाकेटमारीमा संलग्न दुई जना पक्राउ**

काठमाडौं महाराजगञ्ज चोकस्थितसार्वजनिकयातायातमा सवार यात्रीको नगद रु १८ हजार पाकेटमारी गरेको अभियोगमा दुई जनालाई प्रहरीले पकराउ गरेको छ। पक्राउ पर्नेमा काभ्रेपलाञ्चोक नमोबुद्ध नगरपालिका-५ घर भई काठमाडौं पेप्सिकोला बस्ने ३५ वर्षीय क्रासाङ लामा र सिन्धुपाल्चोक बाह्रबिसे नगरपालिका-३ घर भई काठमाडौं टोखा बस्ने ३५ वर्षीय विष्णु थापा रहेका छन् । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक कारबाहीको लागि जिल्ला प्रहरी परिसर टेकु पठाइएको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

**आगलागीबाट धनमाल नष्ट**

काठमाडौंमहानगरपालीका-३२ जडिबुटीस्थित नविना खत्रीको प्रि अफ माईन मसाज सेन्टरमा विद्युत सर्ट भई मंगलबार बिहान आगलागी हुँदा फर्निचर लगायतका विभिन्न सरसामान जलेर करिब रु २६ लाख बराबरको धनमाल नष्ट भएको छ । रूपन्देही, तिलोत्तमा नगरपलिका-५ मणिग्रामस्थित सडकमा बा. १७ च ६४५४ नम्बरको कारमा वायरिङ सर्ट भई सोमबार साँझ आगलागी हुँदा ईन्जिनको आगाडिको भाग जलेर करिब रु दुई लाख बराबरको धनमाल नष्ट भएको छ।

म्याग्दी, रघुगङ्गा गाउँपालिका-३ तिल्केनी बस्ने रामबहादुर गुरूङको घरमा सोमबार राति आगलागी हुँदा घर पूर्णरुपमा जलेर नष्ट भएको छ। आगो फैलिएर नजिकै रहेको देवी छन्त्यालको घरमा समेत आंशिक क्षति भएको छ। क्षतिको विवरण नखुलेको प्रहरी प्रधान कार्यालयले जनाएको छ । रोल्पा, सुनछहरी गाउँपालिका-४ चैते थान टोल बस्ने ४८ वर्षीय सन्तु कामीको घरमा सोमबार राति आगलागी हुँदा घर पूर्णरूपमा जलेर नष्ट भएको छ। क्षतिको विवरण खुलेको छैन। प्रहरीले स्थानीय बासिन्दा र दमकलको सहयोगमा आगलागी नियन्त्रणमा लिनुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

**विभिन्न धनमाल चोरी**

बूढानीलकण्ठ नगरपालिका-७ हेपाली हाइट डेरा गरी बस्ने सुनसरी हासपोशा गाउँपालिका-१ घर भएका चन्द्रजङ्ग पाण्डेको कोठाबाट सुन तथा चाँदीका विभिन्न गहना गरी करिब रु तीन लाख २४ हजार बराबरको धनमाल सोमबार साँझ चोरी भएको छ। प्रहरीले चोरीमा संलग्न हाल फरार व्यक्तिको खोजी गर्नुका साथै यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको प्रहरी प्रधान कार्यालयले जनाएको छ।

**पोर्चुगल पठाइदिन्छु भन्दै ठगी गर्ने पक्राउ**

पोर्चुगल पठाइदिन्छु भन्दै रु १२ लाख ठगी गरेको अभियोगमा भक्तपुर चाँगुनारायण नगरपालिका-२ बस्ने ४७ वर्षीया शिवा न्यौपानेलाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ। न्यौपानेले एक जनालाई वैदेशिक रोजगारीका लागि पोर्चुगल पठाई प्रतिष्ठित कृषि कम्पनीमा मासिक रु एक लाख ५० हजार तलबमा काम लगाइदिन्छु भन्दै प्रलोभनमा पारी पीडितबाट पटकपटक गरी उक्त रकम ठगी गरेकोले काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मीनभवनबाट खटिएको प्रहरीले उनलाई भक्तपुर चाँगुनारायण नगरपालिका-२ बाट पक्राउ गरेको हो । उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौं पठाइएको छ।

**छोराको हत्या गरेको अभियोगमा बाबु पक्राउ**

आफ्नै छोरा १९ वर्षीय जीवन राईको हत्या गरेको अभियोगमा माई नगरपालिका-६ बिहीबारे बस्ने ३६ वर्षीय दिलकुमार राईलाई सोमबार राति प्रहरीले पक्राउ गरेको छ। घरायसी विवादका क्रममा दिलकुमारले खुकुरी प्रहार गर्दा गम्भीर घाइते भएका जीवनको बिएण्डसी अस्पताल विर्तामोडमा उपचारको क्रममा मृत्यु भएको हो। घटनाको खबर प्राप्त हुनासाथ प्रहरी चौकी महमाईबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको जनाइएको छ।

# विशेषको फैसलाविरुद्ध अख्तियार सर्वोच्चमा

**टुडे समाचारदाता**

काठमाण्डु। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालत काठमाडौंबाट राजस्व चुहावट गरी भ्रष्टाचार गरेको अभियोगमा दायर गरिएका केही मुद्दामा भएको फैसला उपर चित्त नबुझेको जनाउँदै सर्वोच्च अदालतमा पुनरावेदन गरेको छ।

तत्कालीन कर फछ्र्यौट आयोगका पदाधिकारीहरु लुम्बध्वज महत, उमेशप्रसाद ढकाल र चुडामणि शर्मा ढकालविरुद्ध विशेष अदालतले कम जरिवाना हुने गरी फैसला गरेको भन्दै आयोग सर्वोच्च पुगेको हो।

आयोगले सो मुद्दामा तीन जना प्रतिवादीविरुद्ध रु ११ अर्ब दुई करोड ५२ लाख २२ हजार दुई सय २७ बिगो दाबी गरे पनि विशेष अदालतले रु चार अर्ब ८६ करोड ८१ लाख ७५ हजार तीन सय ८० बराबरको बिगो कायम गरी गरेको फैसला त्रुटीपूर्ण भएको दाबी गरेको छ।

विशेष अदालतले कर फछ्र्यौट आयोगका तत्कालीन अध्यक्ष महतलाई नौ वर्ष एक महिना र आयोगका सदस्य उमेशप्रसाद ढकाल र चुडामणि शर्मा ढकाललाई नौ वर्ष कैद सजाय हुने ठहर गरेको थियो। आयोगले विभिन्न १० वटा बुँदामा विशेष अदालतबाट भएको फैसला त्रुटीपूर्ण रहेको दाबी गरेको छ।

# मेहन्दी प्रतियोगिता सम्पन्न



**टुडे समाचारदाता**

वीरगञ्ज । अन्तर्राष्ट्रिय सामाजिक संस्था लायन्स क्लब ईन्टरनेशनलका संस्थापक मेल्भिन जोन्सको १४५ औं जन्म दिवसको अवसरमा साता ब्यापी कार्यक्रम अन्तर्गत लायन्स क्लब अफ वीरगञ्ज सेस्मी एकेडेमी, ग्रीन क्याम्पस, विजयपथ, र ग्रीन सिटीले मंगलबार संयुक्त रुपमा वीरगञ्जको सेस्मी ईन्टरनेशनल स्कुलमा मेहन्दी प्रतियोगिता सम्पन्न गरेको छ।

उक्त प्रतियोगितामा कक्षा ७ देखि कक्षा १० मा अध्ययनरत १५ जना छात्राहरुले भाग लिएका थिए।

प्रतियोगितामा सेस्मी ईन्टरनेशनल स्कुल कक्षा ९ मा अध्ययनरत स्वेच्छा साह प्रथम, सिर्जना साह द्वितीय र कक्षा ८ मा अध्ययनरत सोनी गुप्ता तृतीय भएकी थिइन्।

विजयी छात्राहरुलाई कार्यक्रमका अतिथिहरुद्वारा विभिन्न पुरस्कारहरु प्रदान गरिएको थियो।

लायन्स क्लब अफ वीरगञ्ज ग्रीन क्याम्पसका अध्यक्ष लायन प्रजय हर लालको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कार्यक्रमका प्रमुख अतिथि लायन्स क्लब ईन्टरनेशनलका पाष्ट मल्टिपल काउन्सिल चेयरपर्सन लायन डा.रमेश अग्रवाल, डिष्ट्रिक्ट क्याबिनेट सेक्रेटरी लायन बासु तिमिल्सिना, डिष्ट्रिक्ट क्याबिनेट ट्रेजर लायन राम बिहारी पाण्डे, एरिया नम्बर ३ का एरिया चिफ लायन उमेश शर्मा, एरिया ट्रेजर लायन आश्मा सिंह यादव, पूर्व डिष्ट्रिक्ट डेपुटी ट्रेजर लायन उमेश साह कानु, डिष्ट्रिक्ट डिपार्टमेन्ट मेम्बर लायन अजय साह, लायन रिया अधिकारी, लायन जितेन्द्र चौधरी लगायत विद्यालयका अन्य शिक्षक शिक्षिकाहरुको उल्लेख्य सहभागिता रहेको थियो।

कार्यक्रमको सहजीकरण विद्यालयकी शिक्षिका ममता प्रिया जैसवालले गरेकी थिइन्।




**युवक हराएको सूचना**

अढाई महिना पहिले घरबाट हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी चौवा वा तलको सम्पर्क नम्बरमा सम्पर्क गरी जानकारी गराई दिनु हुन अनुरोध छ।

नाम :- राजु कुमार यादव
ठेगाना :- क्षीरेश्वरनाथ नगरपालिका, कुम्रौल टोल
उमेर :- २१ वर्ष
पिता :- रामचन्द्र यादव

सम्पर्क नं. ९८४४०३८६६५, ९८१७५१२०८१



**उपाध्यक्ष पदबाट राजीनामा दिएको सूचना**

प्रस्तुत विषयमा म (मुनेश्वर ठाकुर) लाई मुटु रोगको समस्या रहेको हुँदा लोकहित बचत तथा ऋण सहकारी संस्था लि., विदेह न.पा.-४, ठाढी, धनुषाको बैठकमा उपस्थित हुन असमर्थ रहेको हुँदा उक्त संस्थाको उपाध्यक्ष पदबाट मिति २०७९/०७/१५ गते देखि राजीनामा दिएको निवेदन मिति २०७९/०७/१८ मा हुलाक मार्फत पठाई सकिएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**मुनेश्वर ठाकुर**
विदेह न.पा.-४, ठाढी, धनुषा




**सूचना ! सूचना !! सूचना !!!**

सिराहा जिल्लाको कर्जनाहा अवस्थित महत्वपूर्ण प्रतिष्ठानको सुरक्षाको लागि सुरक्षागार्डहरुको आवश्यकता भएकोले नेपाली सेना, नेपाल प्रहरी तथा सशस्त्र प्रहरीबलबाट सेवानिवृत्त भएका ५५ वर्ष ननाघेका र शारीरिक रुपमा तन्दुरुस्त उम्मेदवारहरुले तल उल्लेखित ठेगानामा आफ्नो नागरिकताको प्रमाणपत्र र पेन्सनपट्टाको प्रतिलिपी समेत संलग्न राखी सम्पर्क गर्नुहुन अनुरोध छ।

**ग्लोबल सेक्युरिटी सर्भिस प्रा.लि.**
पुतलीसडक, काठमाण्डौं
email : global2074@gmail.com
Mob/Whatsapp : 9841218140
Phone : 01-5327614

**नोट** :- सेवा सुविधा श्रम ऐन अनुसार हुनेछ। आवास एवं अन्य सुविधा उपलब्ध हुनेछ।



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# मधेशको मानमर्दन

राष्ट्रिय सभामा मधेश प्रदेशको दुई स्थान रिक्त भएको छ । रिक्त स्थानका लागि उम्मेदवारी दर्ता भइसकेको छ । सत्ता गठबन्धनबाट नेपाली कांग्रेस र जनता समाजवादी पार्टी(जसपा)ले उम्मेदवारी दिएका छन् । प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले एक्लै दुई जना उम्मेदवार उठाएको छ । जनमत पार्टीले पनि एकजना उम्मेदवार दिएको छ । मधेश प्रदेशमा कायम रहेको मतभार अनुसार सत्तासीन दलहरुका उम्मेदवार जित्ने निश्चित छ । मधेश प्रदेशबाट जित्ने उम्मेदवारको सूचीमा मधेशी मूलका उम्मेदवार छैनन् । तर मधेशमा नै पुस्तौदेखि बसोबास गर्ने उम्मेदवारहरु भने छन् । सत्तारुढ गठबन्धनबाट उम्मेदवारी दिएका कांग्रेसले आनन्द प्रसाद ढुंगानालाई र जसपाले पूजा चौधरीलाई उम्मेदवार बनाएको छ । ढुंगानाको इतिहास मधेशमा बसोबास गरेको धेरै पुरानो छ । उनका पिता ठाकुर प्रसाद ढुंगाना प्रजातान्त्रिक आन्दोलनमा सहादत दिएका हुन् । चौधरीको पनि मधेशमा बसोबास गरेको इतिहास नयाँ होइन् । उनका पिता गोविन्द चौधरी पनि पुरानै बासिन्दा हुन् । उनी थारु चौधरी हुन् । चुनावमा जित्ने ढुंगाना र चौधरी निश्चित छ । प्रमुख प्रतिपक्षी दलले उम्मेदवार बनाएकाहरु मध्ये एकजना थारु र एकजना मधेशी महिला छन् । एमालेबाट एकजना विजयेता झा( मधेशी महिला) र एकजना उषा देवी थरुनी हुन् । झा मैथिल बाहुनी हुन् । उषा थारु हुन् । एमालेले मधेशी र थारुलाई उम्मेदवार बनाए पनि जित्ने संभावना छैन् । जनमत पार्टीले रामशंकर महासेठलाई उम्मेदवार बनाएको छ । उनी मधेशी मूलका हुन् । तर उनको पनि जित्ने संभावना देखिदैन् । संघीय र प्रदेश सरकारमा सहभागी रहेको जनमत पार्टीले सत्ता गठबन्धनका उम्मेदवारहरु विरुद्ध प्रायःसबै निर्वाचनमा उम्मेदवार उठाउदै आएको छ । सत्तासीन गठबन्धनले राष्ट्रपतिमा उठाएको उम्मेदवारलाई समर्थन गरेको जनमत पार्टीले उपराष्ट्रपतिमा गठबन्धनका उम्मेदवार विरुद्ध उम्मेदवारी दिएको थियो । बारा जिल्लाको उपनिर्वाचनमा पनि जनमत पार्टीले सत्ता गठबन्धनका उम्मेदवारविरुद्ध उम्मेदवार उठाएको थियो । राष्ट्रिय सभाको चुनावमा पनि सत्ता गठबन्धनको उम्मेदवारविरुद्ध उम्मेदवारी दिएकोछ । मधेश प्रदेशमा कांग्रेस र जसपाले मधेशी मूलका उम्मेदवार उठाउनु पर्ने दुबै दलभित्र उठेको छ । सत्तासीन गठबन्धनले मधेशको मानमर्दन गरेको आरोप लागेको छ । जसपाले थारु बाहुल्य क्षेत्रमा थारुलाई प्राथमिकता दिनु पर्ने हो । कांग्रेसको प्राथमिकता पनि कलस्टर अनुसार हुनुपर्ने हो । मधेशमा मधेशी मूलका उम्मेदवार उठाएको भए राष्ट्रिय सभामा मधेशको प्रतिनिधित्व हुने थियो । तर दुबै दलले मधेशसित न्याय गरेको देखिएन् ।

# जनसंख्या : 'पोलिसी डिपार्चर' को उपयुक्त समय

**चेतन अधिकारी**

एसियाका अन्य देशमा जस्तै नेपालमा पनि जनसंख्या वृद्धि मुख्य समस्याका रुपमा रहेको लामो समय प्रचार गरियो । देशको मुख्य समस्याका रुपमा रहेको जनसंख्या नियन्त्रणका लागि राज्यका धेरैवटा संरचना यही काममा लामो समय व्यस्त रहे । खासगरी सन् १९५९ मा परिवार नियोजन सङ्घको स्थापना गरेर सानो परिवारको अवधारणा अघि बढाउँदै जन्मदर नियन्त्रणमा राज्य अनवरत रुपमा प्रयासरत रह्यो ।

राष्ट्रिय योजना आयोगले पनि तेस्रो पञ्चवर्षीय योजनाकाल (सन् १९६५-७०) देखि जनसंख्या वृद्धिलाई समस्याका रुपमा लिँदै दस्तावेजमा समावेश गर्‍यो । यस दस्तावेजमा पनि जनसंख्या नियन्त्रण र सानो परिवारलाई उत्प्रेरित गर्ने प्रकारकै थियो । त्यसबेला नेपालको जनसंख्या वृद्धिदर २.८ प्रतिशतसम्म थियो । उच्च जन्मदर भए पनि उच्च मृत्युदरका कारण जनसंख्याको आकार अस्वाभाविक रुपले बढ्न पाएको थिएन ।

नेपालको जनसंख्यामा नीति निर्माताको एकमात्र रटान जनसंख्या नियन्त्रण कति जायज थियो ? जनसंख्या वृद्धिलाई समस्या मात्र देख्ने त्यसबेलाका नीति निर्माताको सोच स्वदेशी थियो वा विदेशीले दिएको जुक्ति ? अहिले त्यो बहसको विषय छ । नेपालमा अहिले नै जनसंख्यालाई यति सानो आकारमा सीमित गर्नुपर्दथ्यो कि पर्थेन भनेर अहिले विभिन्न मञ्चहरुमा बहस हुन थालेको छ । जब जनगणना २०७८ ले नेपालको जनसंख्या वृद्धिदर ०.९२ मा सीमित भएको देखायो तब यसको असर प्रभावलाई नियालेका राजनीतिक पार्टीका नेतादेखि अन्य सरोकारवालाहरु पनि गम्भीर बनेका छन् । वर्षौंदेखि तीन करोड नेपाली भन्दै आएको समाजको एउटा तप्कालाई सम्झाउनुपर्ने कुरा के छ भने अझै पनि नेपालमा तीन करोड नेपाली पुगेका छैनन् ।

खासगरी २०६८ सालको जनगणनाले नेपालको जनसंख्या वृद्धिदर १.३ प्रतिशतमा सीमित गरेपछि जनसंख्या नीतिमा पुनःविचार गर्नुपर्दछ भन्ने मतहरु बाहिर आउन थालेका हुन् । २०७८ सालमा गरिएको जनगणनाको नतिजाले एक दशकमा करिब २७ लाख मानिस नेपालमा थपिएको र जनसंख्या वृद्धिदर ०.९२ प्रतिशतमात्र रहेको तथ्याङ्क सार्वजनिक गरेपछि सरकार मात्र हैन, सरोकारवाला निकायले पनि यसलाई एउटा सामाजिक बहसको विषय बनाएका छन् । हाल नेपालको जनसंख्या दुई करोड ९१ लाख ९४ हजार पाँच सय ७८ रहेको छ ।

जनसंख्या वृद्धिको प्रवृत्ति विश्वभरि नै घट्दो अवस्थामा रहेको छ । विभिन्न प्रक्षेपणहरुले सन् २०५० मा विश्वको जनसंख्या सबैभन्दा उच्चतम् विन्दुमा पुग्ने अनुमान गरेका छन् । त्यसबेला विश्वमा १० अर्ब जनसंख्या पुग्ने भनिएको छ । त्यसपछि क्रमशः जनसंख्या ओरालो लाग्ने र कतिपय देशहरु त अति न्यून जनसंख्या 'डिपपुलेटेड'को स्थितिमा पनि पुग्ने हुन् कि भन्ने आशङ्का गरिएको छ ।

वर्तमानका तथ्याङ्कहरुले नेपाललाई पनि त्यतैतिर डोर्‍याएको देख्न सकिन्छ । नेपालमा अहिले प्रजनन दर घटेर विस्थापन तहभन्दा मुनि अर्थात् २.० प्रतिमहिला पुगेको छ । बालबालिकाको जनसंख्या ह्वात्तै घटेको छ । ज्येष्ठ नागरिकको संख्या उसैगरी बढेको छ । २०६८ सालमा कूल जनसंख्याको तीन प्रतिशत रहेको ६० वषभन्दा माथिको जनसंख्या अहिले बढेर सात प्रतिशत पुगेको छ । आगामी दशकमा यो संख्या बढेर १० प्रतिशत पुग्ने अनुमान गरिएको छ । अघिल्लो जनगणनामा हिमाल र पहाडका २७ वटा जिल्लाको जनसंख्या वृद्धिदर ऋणात्मक देखिएका थिए यस जनगणनामा त्यो संख्या बढेर ३४ वटा पुग्यो । जनसंख्याको वितरण पनि उस्तै असन्तुलित छ । कूल भूभागको २३ प्रतिशत भूभाग ओगटेको तराईमा करिब ५४ प्रतिशत जनसंख्या छभने ७७ प्रतिशत ओगटेका हिमाल र पहाडमा कूल जनसंख्याको ४६ प्रतिशत जनसंख्या बसोबास छ । तराईको उर्वर भूमिमा जनघनत्व बढेर खेतीयोग्य जमिन साँघुरिँदै गएको छ । पहाडका जमिनहरु पनि मानिसको अभावमा बाँझा भइरहेका छन् । जनसंख्याको संरचनामा व्यापक असन्तुलन आएको छ । पहाडमा विकास त भइरहेको छ तर मानिसहरु बस्न चाहेका छैनन् । यसले समग्र जनसंख्या नीति र विकास योजनामा नै राज्यले सोच्नुपर्ने भएको छ । जनसंख्याको यो अवस्थालाई मध्यनजगर गर्दै केही महिना पहिला जनसंख्यासम्बन्धी सम्मेलनमा स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतले नेपालले अब विकासको ढाँचा नै बदल्ने बेला आएको बताउनुभएको थियो ।

### प्रो नेटालिष्ट कि एन्टी नेटालिष्ट ?

नेपालमा विकासको ढाँचाका अतिरिक्त जनसंख्यासम्बन्धी नीतिमा व्यापक संशोधन गर्ने समय आएको छ । त्यो समय अहिले किन पनि उपयुक्त छ भने राष्ट्रिय योजना आयोग अहिले १६औँ पञ्चवर्षीय योजनाको तयारीका क्रममा छ । यही समयमा राज्यले आगामी पाँच वर्षका लागि नयाँ नीति र कार्यक्रम बनाउँदछ । जनसंख्याका सम्बन्धमा राज्यले लिइरहेको 'नियन्त्रण'को नीतिबाट अब खुकुलो नीति अवलम्बन गर्नेतर्फ केन्द्रित हुनु जरुरी छ । सैद्धान्तिक हिसाबले नेपालले हालसम्म अपनाएको जनसंख्या नीतिलाई जन्मविरुद्धको नीति अर्थात् 'एन्टी नेटालिष्ट पोलिसी' भनिन्छ । अब त्यसलाई रोकेर जन्मका सम्बन्धमा दम्पतीलाई विवेक प्रयोग गर्न दिने कि जन्मपक्षीय वा ' प्रो नेटालिष्ट पोलिसी' अपनाउने भन्ने बहसको विषय छ ।

नेपालले जनसंख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (आइसिपिडी १९९४)लाई अनुमोदन गरिसकेकाले एन्टी वा प्रोनेटालिस्ट भनेर कसैले निरुत्साहित वा कसैलाई अति प्रोत्साहित गर्न मिल्दैन भन्ने तर्कहरु पनि छन् । यस विषयमा अर्को तर्क पनि छ । लोपोन्मुख जातिलाई धेरैवटा बच्चा जन्माउन प्रोत्साहित गर्ने, त्यसका लागि राज्यले आमा तथा बच्चाका लागि निश्चित सुविधा उपलब्ध गराउनुपर्ने माग छ । ठूलो जनसंख्या भएका जातिलाई नियन्त्रण वा प्रवर्द्धनका लागि प्रोत्साहित नगर्ने । यसमा उनीहरुले स्वविवेक प्रयोग गर्न सक्छन् ।

राज्यले लिने जनसंख्या नीतिले केही दशकभित्रै कस्तो परिणाम दिने रहेछ भन्ने कुरा छिमेकी चीनले करिब पाँच दशकबीचमा अपनाएका तीनवटा जनसंख्या नीतिलाई हेरे पुग्छ । चीनमा बढ्दो जनसंख्या वृद्धि र त्यसले सृजना गर्ने भयाभव परिणामको अनुमान गर्दै सन् १९७१ मा बच्चा जन्माउने क्रमलाई कडाइका साथ नियन्त्रण गर्ने नीति लियो । यो नीतिलाई विश्वभरि चीनको एक बच्चा नीति (वान चाइल्ड पोलिसी इन चाइना) भनेर चिनिन्छ । चीन सरकारले लागू गरेको यो नीतिबाट कैयौँ दम्पतीले धेरै सन्तानको चाहना भए पनि एउटै सन्तानमा चित्त बुझाए । वान चाइल्ड पोलिसी लागू गरेको करिब ४५ वर्षपछि जनसांख्यिक संरचनामा आएको परिवर्तनबाट चीनले आफ्नो पूर्वघोषित नीतिमा पुनः विचार गर्ने अवस्था सृजना भयो ।

देशमा ज्येष्ठ नागरिकको संख्यामा वृद्धि, काम गर्ने जनशक्तिको अभाव आदि समस्या आउन थालेपछि सन् २०१५ मा चीन सरकारले वान चाइल्ड पोलिसीलाई खारेज गर्दै दुईवटासम्म बच्चा जन्माउने छुट हरेक दम्पतीलाई दियो । विभिन्न सूचकका आधारमा भविष्यको जनसंख्याको प्रक्षेपण गर्दा दुई सन्तानले मात्र पनि चीनमा आवश्यक पर्ने भावी जनशक्तिको आपूर्ति हुन सक्ने देखिएन । यसले गर्दा उसले सन् २०१९ मा तीनवटासम्म बच्चा जन्माउन पाइने गरी नीति बदल्यो । तर एकपटक जनसंख्या उच्च विन्दुमा पुगेर पुनः प्रजनन दर बढाउन विश्वमा गरिएका प्रयास सफल भएका छैनन् । त्यसैले जापान, नर्वे जस्तै चीनले पनि सन्तान उत्पादन वृद्धि गर्ने कुरामा उल्लेख्य उपलब्धि हासिल गर्न सकेको छैन ।

### नेपालमा जनसंख्या नीतिको विगत

नेपालमा जनसंख्यासम्बन्धी नीतिगत व्यवस्था प्रजातन्त्रको स्थापना भएपछि भएको हो । नेपालमा योजनाबद्ध विकासको थालनी २०१३ सालमा भयो यसै बेलादेखि जनसंख्यासम्बन्धी नीति निर्माण सुरु गरिएको हो । पहिलो पञ्चवर्षीय योजना (१९५९-१९६१) र दोस्रो योजना १९६१-१९६५) मा पहाडको घना जनसंख्यालाई तराईमा पुनर्वास गराउने नीति ल्याइयो । त्यस नीतिअन्तर्गत कञ्चनपुर, कैलाली, नवलपरासी, चितवन, झापाजस्ता ठाउँमा निःशुल्क जग्गा वितरण गरेर ठूलो संख्यामा पहाडबाट मानिस तराईमा झारियो । त्यसबेला तराईको जनसंख्याको आकार सानो भएको तर आवादी धेरै भएकाले तराईतर्फको बसाइँसराइ तीव्र पार्ने सरकारी नीति थियो । यसको अर्को कारण पहाडको उत्पादनमुखी जमिनले त्यसबेलाको पहाड केन्द्रित घना जनसंख्यालाई थेग्न नसक्ने अवस्था सृजना भएपछि त्यसलाई तराईतर्फ केन्द्रित गर्न थालिएको हो । यसै कार्यक्रमको अवसर सदुपयोग गर्दै त्यसबेलाको बसाइँसराइको प्रवृत्तिलाई नयाँपन दिँदै पूर्वी पहाडका मानिस सुदूरपश्चिमको कैलाली कञ्चनपुरमा बसोबास गर्न गएका हुन् ।

तेस्रो पञ्चवर्षीय योजना (१९६५-७०) देखि नेपालमा जनसंख्या नियन्त्रणका लागि राज्यले औपचारिक रुपमा कदम चालेको हो । यसका जन्मदर घटाउने नीति अघि सारियो । सन् १९५९ मा स्थापना भएको परिवार नियोजन सङ्घमार्फत जनसंख्या नियन्त्रणको प्रचारप्रसार पनि व्यापक गरियो । जन्मदर नियन्त्रण गर्नका लागि परिवार नियोजनका अस्थायी र स्थायी साधनहरुको वितरणलाई तीव्रता दिइयो । चौथो पञ्चवर्षीय योजना (१९७०-१९७५) देखि आठौँ पञ्चवर्षीय योजना (१९८५- १९९०) सम्म जनसंख्या नियन्त्रण, परिवारको आकार घटाउने, परिवार नियोजनाका साधनको अपरिपूर्त मागलाई पूरा गर्ने, दुई सन्तानको अवधारणा विकास गर्नेलगायत कार्यक्रम अघि सारियो ।

जनसंख्या कार्यक्रमलाई थप प्रभावकारी बनाउनका लागि सन् १९८३ मा राष्ट्रिय जनसंख्या रणनीति तय गरियो । यसको प्रमुख उद्देश्य पनि जनसंख्या नियन्त्रण गर्नु यसका लागि जन्मदर घटाउनु नै थियो । यस रणनीतिले त्यसबेला भएको कूल प्रजनन दर ६.३ लाई सन् १९८५ सम्ममा ५.८ मा झार्ने यो दरलाई सन् १९९० सम्ममा ४.० मा झार्ने र सन् २००० को अन्त्यसम्ममा प्रतिस्थापन तह अर्थात् २.१ प्रति महिलामा झार्ने उद्देश्य राखेको थियो । आठौँ पञ्चवर्षीय योजना (१९९२-०९७) मा पनि जनसंख्याको वृद्धिदरलाई नियन्त्रण गर्ने योसँगै मानिसको सामाजिक र आर्थिक हैसियत पनि उकास्नेतर्फ केन्द्रित थियो ।

नवौँ पञ्चवर्षीय योजना (१९९७-२००२) जनसंख्यालाई व्यवस्थित गर्दै २० वर्षभित्र प्रजनन दरलाई विस्थापन गर्ने नीति लिइयो । दशौँ पञ्चवर्षीय योजना (२००२-२००७) मा जनसंख्या नियन्त्रणका लागि मुख्य तीनवटा उद्देश्य राखिएको थियो । पहिलो सानो र गुणस्तरीय परिवारको अवधारणा विकास गर्ने, दोस्रो विकासका हरेक काममा जनसंख्यालाई एकीकृत गरेर लैजाने र तेस्रो बसाइँसराइलाई व्यवस्थित गर्ने । एघारौँ त्रिवर्षीय योजना (२००७-२०१०) मा गरिबी नियन्त्रणसँगै जनसंख्या नियन्त्रण गर्ने विषयलाई प्राथमिकतामा राखियो । बाह्रौँ पञ्चवर्षीय योजना (२०१०-०१३) मा जनसंख्या नियन्त्रणका लागि सरकारी, निजी र समुदाय मिलेर नीति तयार गर्ने सानो परिवारको अवधारणा विकास गर्ने नीति लिइएको थियो । कूल प्रजनन दरलाई २.४ मा झार्ने लक्ष्य यसै योजनाको थियो । यस योजना कालमा नेपालीको औसत आयु ७१ वर्षमा पुर्‍याउने लक्ष्य राखिएको थियो ।

त्यस्तै १३औँ त्रिर्षीय योजनाकाल (आव २०७०/७१-२०७२/७३) मा आइपुग्दा नेपालको जनसंख्या वृद्धिदर घट्यो । २०६८ सालको जनगणनामा जनसंख्याको वार्षिक वृद्धिदर १.३ प्रतिशत देखियो । अर्कोतिर सक्रिय उमेर समूह (१५-५९) वर्षको जनसंख्या बढ्यो । देशले जनसांख्यिक लाभांश प्राप्त गरेको यस अवसरमा देशको नीति युवा जनसंख्यालाई सदुपयोग गर्ने प्रकारको नै बनाइयो । यस योजनाले पनि परिवार नियोजनका साधानमार्फत जनसंख्या वृद्धिदरलाई व्यवस्थापन गर्ने लक्ष्य राख्यो । २०७१ सालमा ल्याइएको राष्ट्रिय जनसंख्या नीतिमा पनि सानो परिवारको अवधारणा कार्यान्वयन गर्ने भन्दै जनसंख्या नियन्त्रणलाई नै प्राथमिकतामा राखियो ।

चौधौँ पञ्चवर्षीय योजना (२०७३/७४-२०७५/७६) योजनाकालसम्ममा नेपालको जनसंख्या वृद्धिदर उल्लेख्य मात्रामा घटिसकेको भए पनि योजना आयोगको नीतिको पहिलो वाक्यमा नै 'जनसंख्याको उच्च वृद्धिदर' भन्ने शब्दावली राखिएको छ । यस योजनाकालमा सानो र गुणस्तरीय परिवारलाई प्रवर्द्धन गर्ने नीति लिइएको थियो । यसको अर्थ जन्मदर घटाउनप्रति नै यो योजना पनि उद्यत थियो । यसैगरी १५औँ पञ्चवर्षीय योजना (२०७६/७७-२०८०/८१) मा जनसंख्या व्यवस्थापन र बसाइँसराइलाई उचित व्यवस्थापन गर्ने नीति अघि सारिएको थियो । यो योजना जनसंख्या नियन्त्रणका विषयमा मौन रह्यो ।

### पोलिसी डिपार्चरको उपयुक्त समय

नेपालमा योजनाबद्ध विकासको थालनी भएको ६७ वर्ष पुगेको । यस अवधिमा राष्ट्रिय योजना आयोग १६औँ पञ्चवर्षीय योजना (२०८०/८१-२०८५/८६) को तयारीमा छ । यस अवधिमा नेपालको जनसंख्याको क्षेत्रमा अनेक उतारचढाव भएका छन् । जनसंख्याका धेरै सूचकहरु बदलिएका छन् । जनसंख्याका मुद्दाहरु फेरिएका छन् । करिब सात दशक जनसंख्या नियन्त्रणमा नीति केन्द्रित गरेको नेपालले अब सन्तुलित बसाइँसराइमा ध्यान दिनुपर्ने देखिन्छ । जसरी पहिलो पञ्चवर्षीय योजनामा पहाडबाट तराईमा जनसंख्या बढाउन क्षेत्रीय पुनर्वास कार्यक्रम ल्याइएको थियो ।

सोह्रौँ योजनाकालमा आइपुग्दा परिस्थिति ठीक उल्टो भएको छ । अहिले जनसंख्याको आधाभन्दा बढी हिस्सा तराईमा छ । पहाड र हिमाल खाली हुने क्रममा छ । त्यसैले अब कसरी हुन्छ पहाडमा बस्ती बसाउनु, त्यहाँको जनसंख्यालाई त्यतै बस्न सक्ने वातावरण सृजना गर्ने नीति बनाउने समय आएको छ । जसरी हिजो पहाडबाट तराईमा पुनर्वास हुन चाहनेलाई निःशुल्क जग्गा सरकारले उपलब्ध गराएर मानिसलाई आकर्षण गरेको थियो । त्यसैगरी आज पहाडमा केही न केही सहुलियत दिएर मानिसलाई आकर्षण गर्नुपर्ने समय आएको छ ।

राष्ट्रिय जनगणना २०७८ को नतिजाका सूचकहरु केलाउँदा नेपालमा जनसंख्याको भौगोलिक स्थानान्तरण (हिमाल र पहाडबाट तराईतर्फ), उमेरगत स्थानान्तरण (बालबालिकाबाट क्रियाशील उमेरको संख्या बढेको) को अवस्था छ । त्यसैले हामीले नीतिगत स्थानान्तरण पनि यही विन्दुबाट सुरु गर्नुपर्दछ । यी त स्वेदशभित्रको आन्तरिक बसाइँसराइको कुरा भयो । वैदेशिक रोजगारीमा जाने ठूलो समूह र उच्च अध्ययनमा नाम विदेश जाने झन् ठूलो संख्याका किशोर तथा युवालाई रोक्ने कार्यक्रम ल्याउन पनि ढिलाइ गर्नु हुँदैन । (लेखक पत्रकार हुनुहुन्छ)

# त्रिवि सुधार्न चाहिने तीन कुरा

**साजन तामाङ**

एक्काइसौं शताब्दीको पहिलो दशकमा विश्वभरका उच्च शैक्षिक संस्थानहरू अधुरो रहेको वा पूर्णरुपमा कुशल शैक्षिक संस्थान नरहेको भन्दै बहस सुरु भएको थियो। अधुरा उच्च शैक्षिक संस्थानहरू पूर्ण हुन कुन-कुन तत्व वा आधारले बाधा पुर्‍याउँदछ भन्ने प्रश्नमा ब्रुसोन र शह्लिन एण्डर्सनले तीन तत्वहरूलाई उल्लेख गरेका थिए।

उक्त तीन तत्वहरू हुन्; पहिचान (आइडेन्टिटी), तहगत प्रणाली (हाइरार्की) र तर्कशक्ति (र्‍यासनालिटी)। सन् १९९० को दशकसम्म आइपुग्दा उच्च शिक्षा शैक्षिक संस्थानहरू निकै हदसम्म बोधो र धुमिल आलोचनात्माक चेतका थिए। प्रभावकारिता ओरालो लाग्दो अवस्थामा थियो। उक्त समयसम्म कुनै पनि उच्च शिक्षा शैक्षिक संस्थानहरूलाई एक स्वायत्तत्तायुक्त घटक (एक्टर)का रुपमा लिइँदैनथ्यो वा स्थापित भइसकेका थिएनन्।

उच्च शिक्षा शैक्षिक संस्थानलाई स्वतन्त्र र स्वायत्तत्तायुक्त घटकको रुपमा स्थापित गर्नका निमित्त, वा घटकताको संप्राप्तिका लागि उल्लेखित त्रि-तत्वहरू पहिचान, प्रणालीगत तह र तर्कशक्ति वाञ्छनीय रहेको 'ब्रुसोन र शह्लिन एण्डर्सन' को दाबी थियो। उच्च शिक्षा शैक्षिक संस्थानको पहिचानले उक्त संस्थानको स्वायत्तत्तायुक्त पृथक् परिचय र संस्थानका इकाइहरू बीचको घनिष्ठता र निकटतम सम्बन्धलाई इंगित गर्दछ।

तहगत प्रणाली वा वरीयता क्रमानु अनुरुपको सीमाङ्कनले विभिन्न वरीयताक्रमका सोपानहरूका खुड्किला (इकाइहरू) बीचका शक्ति तथा नियन्त्रणका धाराहरूका पृथकीकरणलाई बुझाउँछ। तर्कशक्ति वा चेतनशीलताले आन्तरिक निर्णय-निर्माण प्रक्रियाको प्रभावलाई बुझाउँदछ।

भविष्यको आकलनमा आधारित भएर कुनै पनि उच्च शिक्षा शैक्षिक संस्थानहरूले यी त्रि-गुण तब मात्र प्राप्त गर्दछ, जब आचिन्त्य स्वायत्तताको दायरा उपभोग गर्न पाउँदछ। तब मात्र कुनै पनि विश्वविद्यालय वा उच्च शिक्षा शैक्षिक संस्थानले पूर्ण आकृति लिन्छ।

सन् १९७० को दशकमा कर्नेल विश्वविद्यालयका प्रोफेसर क्लार्क विक्कले विश्वविद्यालय तथा शैक्षिक संस्थाहरूलाई हेर्ने दृष्टिकोणमा नयाँ आयाम थपेका थिए। सन् १९७० भन्दा अगाडि विश्वविद्यालयलाई पनि परम्परागत कर्मचारीको दृष्टिकोणबाट हेरिने गर्दथ्यो।

विश्वविद्यालयका इकाइहरू बीच कसिलो बन्धनको सम्बन्ध हुनुपर्ने मान्यता राख्दथ्यो, वा निजामती संस्थानहरूको प्रशासन जसरी नै कुनै एक जडमा जकडिएर विश्वविद्यालयहरू गतिविधि संचालन गरिनुपर्ने भन्ने मान्यता राख्दथ्यो। तर क्लार्क विक्कले विश्वविद्यालयका इकाइ र स्वयम् विश्वविद्यालय अन्य संस्थानहरू भन्दा खुकुलो बन्धनमा रहेर उच्चतम स्वायत्तताका साथ संचालन गरिनुपर्दछ भन्ने नयाँ अभ्यासलाई स्थापित गराए।

फलतः शैक्षिक संस्थानहरूमा रहिरहेका प्राज्ञिक तथा संस्थागत समस्याहरू स्वस्फूर्त प्राकृतिक रुपमा नै सिर्जित समाधानहरूबाट समाधान भए, र अभ्यास परिणाममुखी रह्यो। अन्य संस्थानहरूमा भन्दा शैक्षिक संस्थानहरूमा धेरै हदसम्म यो दृष्टान्त प्याराडोसिकल साबित भयो।

विश्वविद्यालयको चारित्रिक गुण नै स्वायत्ततामूलक हो भन्ने पनि सिद्ध तुल्यायो। यही विशेषता नै विश्वविद्यालय वा शैक्षिक संस्थानहरूको पहिचान पनि हो। बगेर पहिचान कुनै पनि विश्वविद्यालय अपुरो रहन्छ।

स्वायत्तताको आधारमा हामीले त्रिभुवन विश्वविद्यालयलाई परख गर्ने हो भने हाम्रो त्रिभुवन विश्वविद्यालयले आफ्नो स्वायत्तता पूर्णरुपले गुमाएको अवस्था छ। त्रिभुवन विश्वविद्यालय ऐन २०४९ को परिच्छेद ७ मा रहेको विश्वविद्यालय पदाधिकारी सम्बन्धी प्रावधान हेर्ने हो भने विश्वविद्यालयको उच्चतम अधिकारी यानि कुलपति प्रधानमन्त्री रहने व्यवस्था छ, र उच्चतम कार्यकारी अधिकारी उपकुलपति रहने व्यवस्था छ।

उपकुलपतिको नियुक्ति सहकुलपति अर्थात् प्रावधानतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रीको अध्यक्षतामा गठित दुई सभा सदस्य सदस्यता रहने



समितिको सिफारिसको आधारमा कुलपतिले नियुक्ति गरिने प्रावधान छ। केही अपवाद बाहेक अधिकांश समय कुनै अमूक राजनैतिक दलका प्रधानमन्त्रीले उपकुलपति दलीय भागबन्डाको आधारमा नियुक्ति गर्ने अभ्यास रहँदै आएको छ।

स्वाभाविक रुपमा दलीय भागबन्डाको आधारमा नियुक्त हुने उपकुलपति नेपथ्यमा रहेको निहित दलीय स्वार्थको यान्त्रिक कारिन्दा हुन्छ, र विगतका नजिरहरूले पनि यसलाई सिद्ध तुल्याइसकेको छ। उपकुलपतिको टुप्पोबाट अन्य पदाधिकारीहरूका फेदसम्म पुग्दा, दलीय भागबन्डाले सिंगो रूख नै सुकेर जाने अवस्थामा छ।

जबकि विश्वविद्यालय जस्तो संस्था फुकिलो बन्धनमा जोडिएको स्वायत्त संस्थान हुनुपर्ने अवस्थामा ठीक विपरीत सामन्ती युगमा मुखियालाई आफ्नो जायदात बन्धकी राखी कमारा गर्नुपर्ने कमारो जस्तो भएको छ। विश्वविद्यालय ज्ञानपुञ्जको थलो नभई, दोहनको खानी भएको छ, भित्रबाट खोक्रो भएको छ। क्लार्क विक्कले व्याख्या गरे झैं हुनुपर्ने विश्वविद्यालयको पहिचान; स्वायत्तताको पहिचान त्रिभुवन विश्वविद्यालयले गुमाएको छ।

शैक्षिक संस्थानहरूको प्रदर्शनी तथा डेलिभरीको मूल्यांकनको आधारमा वैश्विक तहमा नै उच्च शिक्षा शैक्षिक संस्थान तथा विश्वविद्यालयको शासक पद्धतिबारे घनीभूत रुपमा छलफल चल्दै आएको छ। विश्वविद्यालयहरूले विगतका दशकमा सामना गर्नुपरेको चुनौतीले पनि शासन पद्धति बारेको महत्वलाई प्रश्रय दिइरहेको छ।

विभिन्न प्रावधानहरूका विविधता, डेलिभरिका नवीन आयामहरू, विद्यार्थी वर्गमा उदाउँदो विषमता, बढ्दो अन्तर्राष्ट्रियकरणको दबाब र अनुसन्धान तथा इन्नोभेसनले ज्ञान तथा सिकाइको उत्पादनलाई प्रेरित गरेको छ। विश्वविद्यालयको शासन पद्धतिलाई पुनरावलोकन गर्न तत्व पनि बनेको छ।

विश्वविद्यालयको गुणात्मक प्रस्तुति विश्वविद्यालयको शासन पद्धतिमा नै आधारित हुन्छ। विश्वविद्यालयको शासन पद्धतिले नै उक्त संस्थानमा रहेको जवाफदेहिता, बुद्धिमानी व्यवस्थापन, सिर्जना भएका नयाँ प्रारूपका समस्याहरूलाई समाधान गर्ने क्षमता तथा कौशल र उत्पादकत्वको सिर्जना जस्ता विशेषताहरूलाई निर्धारण गर्दछ।

त्रिभुवन विश्वविद्यालयको हकमा हेर्ने हो भने यहाँको शासन पद्धति नितान्त दलीय भागबन्डा र त्यसको वरपर निर्मित दलीय हस्तक्षेपको चक्रव्यूहमा घुमेको पाइन्छ। तहगत प्रणाली भग्नावशेष अवस्थामा छ। शासन पद्धतिको उच्चतम तहमा रहेको अधिकारी इकाइलाई तल्लो तहमा रहेको इकाइले नटेर्ने अवस्था रहेको छ। अराजकताले जरो गाडेको छ। शासन पद्धति र त्यसको परिपूरक तहगत प्रणालीले धराशायी बनेको छ।

विश्वविद्यालयको तर्कसंगत, तार्किक शक्ति, चेतनशीलता तथा बौद्धिकताको ऐना हो, उक्त विश्वविद्यालयको अध्ययन, अनुसन्धान। खिएको अध्ययन, अनुसन्धान तथा प्रविधिले विश्वविद्यालयको खिएको तर्कसंगत, तार्किक शक्ति, चेतनशीलता तथा बौद्धिकतालाई प्रतिविम्बित गर्दछ।

प्रविधिको नगण्य स्पष्टता रहेको कुनै पनि विश्वविद्यालयमा अध्ययन तथा अनुसन्धानलाई मानाकीकृत तुल्याउने सम्भाव्यता न्यूनतम रहन्छ, जुन प्राकृतिक तवरमा नै आन्तरिक रुपमा जोडिएको हुन्छ। यसले धेरै हदसम्म तर्कसंगत निर्णय-निर्माणमा चुनौती उत्पन्न गर्दछ।

त्रिभुवन विश्वविद्यालयको हकमा मध्यनजर गर्दा, प्रविधिको आधारमा ठूलो खाडल सहितको पछ्यौटेपन ज्वाजल्य रुपमा देख्न सक्छौं। एकहात बाहेक नवीन प्रविधिको समायोजन र प्रविधिसँगको अनुकूलनमा त्रिभुवन विश्वविद्यालय निकै टाढा रहेको अवस्था छ। ब्रुसोन र शह्लिन एण्डर्सनले भने झैं तर्कशक्तिको मामलामा हाम्रो त्रिभुवन विश्वविद्यालय गाग्रीमा एक थोपो पूरा मात्रै छ, अर्थात् निकै अपुरो छ त्रिभुवन विश्वविद्यालय।

पहिचान, तहगत प्रणाली र तर्कशक्ति त्रिभुवन विश्वविद्यालयमा विरलै पाउन सकिन्छ। न त त्रिभुवन विश्वविद्यालयसँग स्वायत्तताको पहिचान नै छ, न त तहगत प्रणालीमा तादाम्यता नै छ, न त तर्कसंगत रुपमा चेतना नै छ। यी तीन कुरा मात्रै कुनै पनि विश्वविद्यालय पूरा वा अधुरो रहने वा नरहने निर्धारणको मानक नहोला, तर यी आधारमा हाम्रो त्रिभुवन विश्वविद्यालय धेरै अधुरो छ।

# जनअपेक्षा अनुसारका कानुन बन्न नसकेको सांसद चौधरीको भनाई

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका नेता एवं सप्तरीको निर्वाचन क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्यमा निर्वाचित तेजुलाल चौधरीले पार्टीको अनुशासनमा पनि रहनुपर्ने र जनताको भावनाको आवाज पनि उठाउनुपर्ने भएका कारण जनप्रतिनिधिले सोचेअनुसार कानुन बनाउन नसकेको स्वीकार गरेका छन् । कानुन निर्माणका क्रममा शीर्ष नेताबीच सहमति हुन नसक्दा र कतिपय अवस्थामा कर्मचारीतन्त्रको प्रभाव हुने भएकाले सदनबाट सोचेअनुसारको कानुन बनाउन चुनौती रहेको उनको टिप्पणी छ ।



सांसद चौधरीले भने, "सदनमा कानुन बन्ने प्रक्रिया पनि लामो छ, सरकारले पर्याप्त मात्रामा बिजनेस पनि दिन सकेको छैन, दलबीच सहमति हुन नसक्दा संविधान कार्यान्वयनसँग जोडिएका महत्वपूर्ण कानुन बन्न सकेका छैनन्, प्रतिपक्षी दलको अवरोधले पनि संसद्ले सहजरूपमा काम गर्न पाएको हुँदैन ।"सदनमा सांसदहरु तीन/चार जना शीर्ष नेताको निर्णयमा ताली पिट्ने मात्र अवस्था रहेको उल्लेख गर्दै उनले नेतृत्वमा इच्छाशक्ति पनि नदेखिएकाले पनि संविधान कार्यान्वयनका महत्वपूर्ण कानुन समयमै बन्न नसकेको टिप्पणी गरे । विसं २०३६ देखि नेविसङ्घबाट राजनीतिमा प्रवेश गरेका उनीसँग राजनीतिका साथै केही समय शिक्षण पेसामा लागेर प्याब्सन, एन प्याब्सन र शिक्षक सङ्घमार्फत पेसागत राजनीति गरेको अनुभव समेत छ ।

तीन पटक संसद्को निर्वाचनमा लगातार विजयी हुनुभएका सांसद चौधरीले संसद्को शून्य, विशेष र आकस्मिक समयमा जनताका आवाज उठाउँदा समाचारका लागि मात्र हुने गरेको गुनासो गरे । सदनमा उठेका विषयको कार्यान्वयन पक्ष फितलो रहेको उनको भनाइ थियो । सांसद चौधरीले भने, "सदनमा उठेका विषय कार्यान्वयनका लागि सरकारमार्फत सम्बन्धित निकायमा पत्राचार गर्नुपर्छ । अनिमात्र राज्यका निकाय जनताप्रति उत्तरदायी हुन्छन् ।" विसं २०५२ मा कांग्रेसको क्रियाशील सदस्यता लिएर पार्टीमा सक्रिय हुनुभएका उहाँ २०६२/६३ सालको आन्दोलनमा सक्रिय सहभागी भएका थिए । कांग्रेसमा लगातार चार पटक महासमिति सदस्य रहिसक्नु भएका सांसद चौधरी कांग्रेसको १४औं महाधिवेशनमा सहमहामन्त्रीका प्रत्यासी थिए । सांसदको प्रमुख काम नीति निर्माण भए पनि जनताको अपेक्षा र जनताबीच गरेका वाचा पूरा गर्न पनि सांसदले केही विकास निर्माणका काममा लाग्नुपर्ने बाध्यता रहेको उनको तर्क छ ।

सांसद चौधरीले भने, "हाम्रो जस्तो मुलुकमा जनताले जनप्रतिनिधिबाट बाटो, पुल, स्वास्थ्यचौकी, विद्यालय, खानेपानी, सिँचाइ निर्माणको अपेक्षा गरेका हुन्छन्, सांसद पनि त्यसमा कुनै न कुनै रुपमा लाग्नैपर्छ । यसलाई अन्यथा सोच्नु हुँदैन ।" प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिले कुनै न कुनै विकास निर्माणका काममा जोडिनुपर्ने बाध्यता रहेको उनको भनाइ छ । उनी संविधानसभाको दोस्रो निर्वाचनमा २०७० सालमा सप्तरी निर्वाचन क्षेत्र नं ५, २०७४ र २०७९ मा सप्तरीको निर्वाचन क्षेत्र नं ४ बाट प्रतिनिधिसभा सदस्यमा कांग्रेसबाट निर्वाचित भएका थिए ।

सङ्घीयता कार्यान्वयनका आवश्यक कानुन बन्न नसक्दा प्रदेश र स्थानीय तहले काम गर्न नसकेको तीनै तहका सरकारबीच आपसी समन्वय पनि हुन नसकेको सांसद चौधरीको भनाइ छ । विसं २०१९ मा सप्तरीमा जन्मनु भएका उनले भ्रष्टाचारका प्रकरण र अनियमितता नियन्त्रण गर्न सके मात्र मुलुकमा सुशासन कायम हुने बताउँदै भ्रष्टाचारमा संलग्न दोषीलाई कारबाहीको दायरामा ल्याउन सबै एकजुट हुनुपर्ने बताए । सांसद चौधरीले भ्रष्टाचार र अनियमितताका सम्बन्धमा सदनमा उठेका विषयमा सरकार र प्रतिपक्षी दल गम्भीर हुनुपर्ने र नियन्त्रणका कडारूपमा प्रस्तुत हुनुपर्ने उल्लेख गरे ।

सत्ता भएका बेला एकथरी धारणा बनाउने र प्रतिपक्षमा भएका बेला अर्को विचार बनाउने दलहरूबीचको समस्याका कारण पनि कतिपय अवस्थामा सदनले प्रभावकारी काम गर्न नसकेको उनको अनुभव छ । जनताका अपेक्षाअनुसार विकास निर्माण हुन नसक्दा र रोजगारी दिन नसक्दा युवाहरू कामका लागि विदेशिन बाध्य भएकोप्रति चिन्ता व्यक्त गर्दै सांसद चौधरीले यो विषयलाई समयमै समाधान गर्न सकिएन भने अहिलेको राजनीतिक व्यवस्थाको भविष्य नै खतरामा पर्न सक्ने बताए । तसर्थ सबै दल मिलेर जनतालाई सुशासन दिनुपर्ने अपरिहार्यता औंल्याउँदै उनले यसबाट जनतामा देखिएको वितृष्णा हटाउन सकिनेमा जोड दिए ।

# श्रमिकलाई आर्थिक बोझ थपिने निर्णय कार्यान्वयन नगर्न प्रधानमन्त्रीको निर्देशन

**टुडे समाचारदाता**

काठमाण्डु । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले वैदेशिक रोजगारीमा जाने श्रमिकलाई थप आर्थिक भार पर्ने निर्णय तत्काल फिर्ता लिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयलाई निर्देशन दिएका छन् । प्रधानमन्त्री कार्यालयमा मंगलबार श्रममन्त्री, सचिव र विभागीय कर्मचारीसँगको छलफलमा उनले मन्त्रालयले वृद्धि गरेको भनिएको शुल्क श्रमिकबाट नलिई यथावत् रुपमा हुने गरी कार्यान्वयनको व्यवस्था मिलाउन निर्देशन दिए ।



प्रधानमन्त्री दाहालले मुलुकको अर्थतन्त्रमा वैदेशिक रोजगारीमा रहेका नेपालीको महत्वपूर्ण योगदान रहेको स्मरण गराउँदै श्रमिकलाई अतिरिक्त आर्थिक भार थप्ने मन्त्रालयको निर्णय कार्यान्वयन नगर्न निर्देशन दिए । "हाल वृद्धि भएको भनिएको शुल्क श्रमिकबाट नलिई यथावत् रुपमा हुने गरी कार्यान्वयनको व्यवस्था मिलाउनुहोला", उनले भने, "आन्तरिक वा वैदेशिक रोजगारीमा जाने श्रमिकलाई थप सेवा शुल्कलगायत थप आर्थिक बोझ पर्ने कुनै प्रकारको काम नगर्ने व्यवस्था गर्नुहोला ।"

वैदेशिक रोजगारीमा जाने युवा अनुचित लेनदेन र दलालबाट ठगिएका उल्लेख गर्दै प्रधानमन्त्रीले उनीहरुलाई सरकारले नै सस्तो ब्याजमा ऋण दिने व्यवस्था मिलाउनुपर्ने बताए । सामाजिक सुरक्षा कोषमा सङ्कलन भएको रकमलाई अधिकतम् लाभ हुने परियोजनामा लगानी गर्ने व्यवस्था मिलाउन निर्देशन दिँदै उनले श्रमिकलाई उद्यमशील बनाउने र वैदेशिक रोजगारीबाट फर्किएकाको ज्ञान सीप र पूँजीको पूर्ण उपयोग गर्ने वातावरण सृजना गर्न आग्रह गरे ।

प्रधानमन्त्री दाहालले सामाजिक सुरक्षा कोषमा औपचारिक, अनौपचारिक र वैदेशिक रोजगारी तथा स्वरोजगारमा रहेका श्रमिकको आबद्धता र विस्तारलाई प्राथमिकताका साथ कार्यान्वयन गर्न निर्देशन दिए । उनले वैदेशिक रोजगारीका स-साना कामका लागि पनि काठमाडौं धाउनुपर्ने परिस्थितिको अन्त्य गरी सम्भव भएसम्म सबै सेवा स्थानीय तहबाटै प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्ने बताए ।

**आन्तरिक रोजगारी प्रवर्द्धन दशकको तयारी**

छलफलमा श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले विश्व श्रम बजार 'डिजिटलाइजेसन' भइसकेकाले त्यसलाई नेपालले पनि व्यवस्थित बनाउनुपर्नेमा जोड दिए । उनले युवालाई स्वदेशमै रोजगारीको वातावरण मिलाउन मन्त्रालयले आन्तरिक रोजगारी प्रवर्द्धन दशकको तयारी गरिरहेको बताए ।

मुख्यसचिव डा बैकुण्ठ अर्यालले भारतबाट कैयौं नागरिक नेपाल आएर स्वरोजगारमूलक काम गरेर लाखौं कमाउने दृष्टान्त दिँदै नेपालीले स्वदेशमै श्रम गर्दा हिच्किचाउने परिस्थितिको अन्त्य गर्न श्रम संस्कृति र अभिमुखीकरण आवश्यक रहेको बताए । उनले वैदेशिक रोजगारीमा जाने नेपालीका लागि बैङ्किङ प्रणालीबाट नै सस्तो दरमा ऋण दिनसक्ने गरी आवश्यक तयारी गर्नुपर्ने बताए ।

श्रम मन्त्रालयका सचिव केवल भण्डारीले आगामी दशकलाई आन्तरिक रोजगारी प्रवर्द्धन दशकका रूपमा मनाउने गरी काम सुरु गरिएको र त्यसले देशभित्रै रोजगारी सृजनाका निम्ति सकारात्मक योगदान गर्ने विश्वास व्यक्त गरे । प्रधानमन्त्री रोजगार कार्यक्रमको ढाँचा परिवर्तन गरी त्यसलाई सीप र उत्पादनसँग जोड्न लागिएको उनले बताए ।

प्रधानमन्त्री कार्यालयका सचिव एकनारायण अर्यालले प्रधानमन्त्रीको नामसँग जोडिएका कार्यक्रमहरू छरिएका र तिनको प्रतिफल सन्तोषजनक नभएको वास्तविकता सुनाउँदै ती कार्यक्रमलाई एकीकृत गरी परिणाममुखी क्षेत्रमा परिचालन गर्नुपर्नेमा जोड दिए ।

# विधि र प्रक्रिया ठिक अपनाउन मन्त्री शर्माको आग्रह

**टुडे समाचारदाता**

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले बहुमत प्राप्त प्रधानमन्त्रीको अधिकारलाई पन्छ्याएर गरिने निर्णय प्रक्रिया व्यवहारिक नहुने बताएकी छन् । संवैधानिक परिषद् (काम, कर्तव्य, अधिकार र कार्यविधि) सम्बन्धी ऐन, २०६६ लाई सशोधन गर्न बनेको विधेयकमाथि राज्य व्यवस्था तथा सुशासन समितिमा उठेको जिज्ञासामा उनले व्यक्ति विशेषलाई नहेरी विधि र प्रक्रिया ठिक अपनाउनेतर्फ सुझाव दिनुपर्ने खाँचो औंल्याइन् ।



मन्त्री शर्माले भनिन्, "विधेयकलाई समृद्ध र गुणस्तरीय तुल्याउन हामी सबै एकै ठाउँमा उभियौं, सर्वसम्मतिमा समाधान खोजौं, अहिले को पात्र छ भनेर नहेरौं । लोकतन्त्रको विकल्प भनेको उन्नत लोकतन्त्र मात्र हुनसक्छ । असल अभ्यास र विकल्प पनि खोजौं ।"

यसअघि राज्य व्यवस्था तथा सुशासन समितिको बैठकमा सहभागी सदस्यहरुले मुलुकका विशिष्ट व्यक्तिको सहभागिता रहने परिषद्का सदस्य बैठकमा भाग लिनु संवैधानिक दायित्व भएकाले विकल्पमा अर्को संरचना बनाउदैँमा विद्यमान समस्या समाधान हुने सुनिश्चिता नरहेको धारणा राखेका थिए । दक्षिण एशियाली मुलुकमध्ये नेपालमा भइरहेका लोकतन्त्रका कयौं अभ्यास असल रहेका उदाहरण प्रस्तुत गर्दै उहाँहरुले प्रतिपक्ष दलका नेता बैठकमा उपस्थित नभए पनि चाहेको व्यक्तिले नियुक्ती पाएका घटना सुनाए ।

परिषद्बाट हुने निर्णय प्रक्रिया र गणपुरक संख्यालाई केन्द्रित गरी संशोधन गर्न ल्याइएको विधेयकमाथिको सैद्धान्तिक छलफलमा केही सदस्यहरुले अध्यक्षसहितको बहुमत सदस्यबाट निर्णय गर्ने प्रावधान राख्नु उपयुक्त हुने तर्क गरे । मुलुकको सर्वोच्च निकायका रुपमा रहेको परिषद्कै सदस्यबाट सवैधानिक दायित्व र पदीय जिम्मेवारी पूरा नहुनु सुहाउँदो विषय नभएको उल्लेख गर्दै सदस्यहरुले एक थरिले बैठक नबोलाउने अर्को थरी बैठकमा नजाने प्रवृत्तिलाई अन्त्य गरिनुपर्ने सुझाव दिए ।

समितिका केही सदस्यहरुले मुलुकका विशिष्ट भनिएका व्यक्तिबाटै संविधान र लोकतन्त्रको सम्मान हुन नसकेको तर्क गर्दै यस्तो अवस्थामा पदीय जिम्मेवारीलाई कानुनद्वारा बाध्यकारी तुल्याउनुपर्ने राय प्रस्तुत गरे । केही सदस्यहरुले बैठकमा नआउने प्रवृत्तिले परिषद्को कामलाई नियमित गर्न चुनौती खडा रेको प्रतिक्रिया दिँदै विधिभन्दा व्यक्ति ठूलो हो भन्ने प्रवृत्तिले लोकतन्त्रलाई संस्थागत गर्न योगदान पुऱ्याउन नसक्ने भनाइ राखेका थिए ।

बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका सचिव र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिवले अनुपस्थित हुनुभन्दा बैठकमा आएर आफ्ना कुरा राख्ने अधिकारको सबै सदस्यबाट पालना भएमा परिषद्लाई नियमितरुपमा कामकारबाही अघि बढाउन सजिलो हुने तर्क गरे । समितिका सदस्यहरुलेसमावेशीलोकतन्त्रलाई दीगो तुल्याउन परिषद्सम्बन्धी हालको संवैधानिक व्यवस्था गरिएको उल्लेख गर्दै सरकार एउटा दलको, परिषद्मा अर्को पक्षको बहुमत हुँदा सिर्जना हुनसक्ने असहज अवस्था अन्त्य गर्ने ध्येयले संशोधन विधेयक ल्याइएको जानकारी दिए । हालको व्यवस्था र प्रस्तावित विधेयकमा प्राविधिक हिसाबले खासै भिन्नता नरहे पनि भाषागत स्पष्टता कायम गर्न खोजिएको उनीहरुको भनाइ थियो ।

उक्त विधेयकमाथिको शैद्धान्तिक छलफल सकिएलगत्तै दफावार छलफल सुरु भएको छ । समितिको मंगलबारको बैठकले उक्त विधेयकमा सर्वसम्मति कायम गर्न नेपाली कांग्रेस, नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र र राष्ट्रिय स्वतन्त्र पार्टीबाट समितिमा प्रतिनिधित्व गर्ने वरिष्ठ सदस्यलाई जिम्मेवारी दिएको छ ।

# परियोजनाको काम एक महिनाभित्र अघि बढ्ने मन्त्री साउदको भनाई

**टुडे समाचारदाता**

महेन्द्रनगर । परराष्ट्रमन्त्री नारायणप्रकाश साउदले पञ्चेश्वर परियोजनाको प्रक्रियागत काम एक महिनाभित्र अघि बढाउने गरी हालै दुई देशबीच सहमति भएको बताएका छन् । उनले हालै नेपाल भ्रमणमा आउनु भएका भारतीय विदेश मन्त्रीस्तरमा सो परियोजनाका बारेमा छलफल भएको जानकारी दिँदै उनले अबको एक महिनाभित्र परियोजनाको काम अघि बढाउने गरी निर्णय भएको जानकारी बताए ।

कञ्चनपुरको कृष्णपुर नगरपालिकामा मंगलबारदेखि सुरु भएको नगरस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताको उद्घाटन गर्दै मन्त्री साउदले उक्त परियोजनाको काम यथाशीघ्र प्रारम्भ गर्न भारत भ्रमणका बेला प्रधानमन्त्रीस्तरमा पनि छलफल भएको स्मरण गराए । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' को भारत भ्रमणमा दुवै देशका प्रधानमन्त्रीले परियोजनाका बारेमा छलफल गर्नुभएको बताएका हुन् ।

"परियोजनाबाट उत्पादन हुने बिजुली भारतलाई बिक्री गर्दा पनि हाम्रो अर्थतन्त्रमा थप सुधार आउँछ," मन्त्री साँदले भने, "यो विशाल परियोजनाबाट रोजगारीका अवसर पनि सृजना हुन्छन् ।" दश बर्षभित्र दश हजार मेगाबाट बिजुली बेच्ने सम्झौता भएको बताउँदै मन्त्री साउदले देशको अर्थतन्त्रलाई कृषि, पर्यटन र ऊर्जा उत्पादनबाटै उठाउन सकिने बताए ।


फरक प्रसङ्गमा मन्त्री साउदले रुस-युक्रेन युद्धमा दशजना नेपालीले ज्यान गुमाएका बताउँदै उनले रुसमा हराइरहेका एक सय १५ जनाको उद्धारका निम्ति आवेदन परेको जानकारी दिए । सरकारले रुसी सेनामा भर्ती नहुन गरेको अनुरोधका बाबजुद केही नेपाली त्यहाँ भर्ती भएका र युद्धमा ज्यान गुमाएका बताए । "विद्यार्थी र भिजिट भिषामा रुसमा दुई सयजना रहेका अनुमान गरिएको छ । उनले भने, "जोखिमयुक्त मुलुकमा रोजगारीका लागि नेपालीलाई पठाउने सरकारको नीति छैन ।" रुसमा रहेकालाई सकुशल फिर्ता ल्याउने, शव ल्याउने र घाइतेको उद्धार गर्ने प्रयत्न भइरहेको जानकारी दिए ।

त्यसैगरी, आतङ्कवादी समूह हमासको नियन्त्रणमा रहेका भनिएका कञ्चनपुरका विपिन जोशीको रिहाइमा सरकार निरन्तर लागिपरेको बताउँदै त्यसमा कतारबाट पनि सहयोग हुने आश्वसान प्राप्त गरेको जानकारी दिए । मन्त्री साउदले तीनवटै तहका सरकारले जनअपेक्षा पूरा गर्न इमान्दारितापूर्वक काम गर्नुपर्नेमा जोड दिए ।

# 'ज्योतिष विद्यालाई सबैको पहुँचमा पुऱ्याउन जरुरी छ'

**टुडे समाचारदाता**

काठमाण्डु । उपप्रधानमन्त्री एवम् रक्षामन्त्री पूर्णबहादुर खड्काले ज्योतिष विद्यालाई सबैको पहुँचमा पुऱ्याउन जरुरी रहेको बताउनुभएको छ । नेपाल ज्योतिष परिषपद्को मंगलबार यहाँ आयोजित रजत समारोहको उद्घाटन गर्दै उनले परम्परागत ज्योतिष विद्यालाई नयाँ प्रविधिमार्फत सबैको पहुँचमा पुऱ्याउनुपर्नेमा जोड दिए ।



"ज्योतिष विज्ञानलाई थप वैज्ञानिक बनाउन जरुरी छ, यसलाई अगाडि बढाउन सरकारले आवश्यक सहयोग गर्नेछ", उपप्रधानमन्त्री खड्काले भने । ज्योतिष विज्ञानलाई हचुवाको भरमा प्रयोग गर्ने र जीविकोपार्जनको माध्यम बनाउन नहुने उनले बताए ।

"खगोलको बारेमा नयाँ नयाँ कुरालाई ज्योतिष विज्ञानमार्फत अगाडि बढाउनुपर्छ", उपप्रधानमन्त्री खड्काले भने । ज्योतिष अध्ययनलाई निश्चित कार्यविधि र मापदण्ड बनाउन जरुरी रहेको उनले उल्लेख गरे ।

विश्व ज्योतिष महासङ्घका अध्यक्ष डा लोकराज पौडेलले सरकारले ज्योतिषलाई अनुमतिपत्रको व्यवस्था मिलाउनुपर्ने बताए । उनले देशभरका १४ हजारभन्दा बढी ज्योतिष परिषद्मा आवद्ध रहेका जानकारी दिए ।

विसं २०५३ मा स्थापना भएको परिषद्ले हाल ७७ वटै जिल्ला, सात प्रदेश र उपत्यकामा आफ्नो शाखा विस्तार गरिसकेको छ । आगामी वर्ष चैत शुक्ल प्रतिपदाको दिनलाई राष्ट्रिय ज्योतिष दिवस मनाइने परिषद्का अध्यक्ष माधवराज पाण्डेले बताए । परिषद्ले रजतजयन्ती समारोहमा संस्थाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका विभिन्न व्यक्तिलाई सम्मानसमेत गरेको छ ।

# प्रहरी समायोजनपछिको तयारीमा जुट्न मुख्यमन्त्रीको निर्देशन

**टुडे समाचारदाता**

मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्कीले प्रहरी समायोजनापछिको तयारीका लागि जुट्न निर्देशन दिएका छन् ।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयको मंगलबार अनुगमन गर्दै उनले सङ्घीय सरकारले प्रदेश सरकारलाई प्रहरी समायोजन गरी हस्तान्तरण गर्न लागेकाले यस सम्बन्धमा आवश्यक तयारी गर्न मन्त्रालयका कर्मचारीलाई निर्देशन दिएका हुन् ।

मुख्यमन्त्री कार्कीले प्रहरी समायोजन भएपछि त्यसको सञ्चालन, सरूवा तथा बढुवाको विधि निर्माण गर्न पूर्वतयारीमा जुट्नुपर्ने आवश्यक्ता औंल्याए । "जनताको दैनिकीका साथै शान्ति सुरक्षामा प्रत्यक्ष रुपमा जोडिएको यस मन्त्रालयले जनतालाई महसुस हुने गरी काम गर्नुपर्छ", उनले भने । मुख्यमन्त्री कार्कीले बजेट पूर्णरुपमा कार्यान्वयन गरेमा मात्र जनतासमक्ष सरकार पुगेको महसुस हुने बताए ।

"ट्राफिक सप्ताह होइन, प्रत्येक दिन ट्राफिक अभियान चलाउन र सडकमा जडान गरिएका सिसी क्यामेराको प्रभावकारीरुपमा अनुगमन गर्नुपर्छ", मुख्यमन्त्री कार्कीले भने । सो अवसरमा मन्त्रालयका कर्मचारीले प्रदेशका १४ जिल्लामध्ये नौ जिल्लाको नक्शाङ्कन एकीकृत गर्ने काम भइरहेको र बाँकी जिल्लाको कार्य चाँडै सम्पन्न गरिने मुख्यमन्त्री कार्कीलाई जानकारी गराएका थिए ।


नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

पशु सेवा विभाग

**राइजोवियम तथा घाँसेवाली विउ विजन प्रयोगशाला**

**जनकपुरधाम, धनुषा**

**बोलपत्र आव्हान सम्बन्धी सूचना**

सूचना नं. ०१-०८०/८१

प्रकाशन मिति : २०८०/०९/२५

यस कार्यालय अन्तर्गतको तपसिलमा उल्लेखि निर्माण कार्यको लागि Single-Stage, Single-Envelope Bidding Procedure अनुसार बोलपत्र आव्हान गर्नुपर्ने भएकोले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३३ औं दिन (मिति २०८०/१०/२८ गते) को १२:०० बजे भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp बाट Onlinde Bidding गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| S.N. | Contract No. | Description of Work | Estimated Cost (w/o VAT and Contingencies) | Bid Security | Cost of the Bidding Document | Last Date and Time for Bid Purchase & Submission | Date and Time of Bid Opening |
|---|---|---|---|---|---|---|---|
| 1 | RGSL/NCB/ Works/1-080/81 | Construction of 8" dia * 171m depth Deep Tubewell | 27,87,580.65 | 79000.00 | 3000.00 | 2080/10/28 12 Noon | 2080/10/28 1 PM |

कार्यालय प्रमुख

# बङ्गलादेशको चुनाव स्वतन्त्र र निष्पक्ष छैनः अमेरिका

**एएनआई**


वाशिङ्गटन डीसी । संयुक्त राज्य अमेरिकाले आइतबार सम्पन्न बङ्गलादेशको आम चुनाव स्वतन्त्र र निष्पक्ष नभएको धारणा व्यक्त गरेको छ । अमेरिकाले चुनावमा सबै दलले भाग नलिएको विषयमा दुःख समेत व्यक्त गरेको छ।

बङ्गलादेशकी प्रधानमन्त्री शेख हसिनाले विपक्षीदलले बहिष्कार गरेको चुनावमा अवामी लिग पार्टीका तर्फबाट संसद्को आधाभन्दा बढी सिट जितेर लगातार चौथो कार्यकालका लागि बहुमत प्राप्त गर्नु भएको छ।

संयुक्त राज्य अमेरिकाले पर्यवेक्षकहरूसँग चुनाव स्वतन्त्र तथा निष्पक्ष नभएको धारणा व्यक्त गर्दै अमेरिकी विदेश मन्त्रालयले विज्ञप्तिमार्फत गहिरो खेद व्यक्त गरेको छ।

विज्ञप्तिमार्फत अमेरिकाले बङ्गलादेशका जनताका लागि लोकतन्त्र र अभिव्यक्ति स्वतन्त्रताका लागि भने पूर्ण समर्थन रहेको बताएको छ।

हाल जेलमा रहेकी पूर्व प्रधानमन्त्री खालिदा जियाको नेतृत्वको बङ्गलादेश नेसनलिस्ट पार्टीको बहिष्कार बीच आइतबार सम्पन्न निर्वाचनमा शेख हसिना पाँचौं कार्यकालका लागि पुनः निर्वाचित हुनु भएको हो।



अमेरिकाले राजनीतिक गिरफ्तारी तथा अनियमितताका साथै निर्वाचनका समयमा भइरहेका हिंसाको पनि निन्दा गरेको छ । अमेरिकाले बङ्गलादेशी सरकारलाई हिंसाको छानविनका लागि आग्रह गरेको छ।

यसैगरी अमेरिका स्वतन्त्र र खुला इन्डो-प्यासिफिकको साझा दृष्टिकोणलाई अगाडि बढाउन बङ्गलादेशसँग साझेदारी गर्न प्रतिबद्ध रहेको विज्ञप्तिमार्फत सार्वजनिक गरेको छ । अमेरिका स्वतन्त्र र खुला इन्डो-प्यासिफिकको लागि साझा दृष्टिकोणलाई अगाडि बढाई , बङ्गलादेशमा मानव अधिकार र नागरिक समाजलाई समर्थन गर्दै जनताको आर्थिक सम्बन्धलाई सुदृढ गर्न साझेदारी गर्न प्रतिबद्ध भएको पनि अमेरिकाले जनाएको छ।


डेली स्टारका अनुसार, शेख हसिनाको पार्टीले १२ औं संसदीय चुनावमा लगातार चौथो कार्यकाल जितेको छ। जुन चुनावमा सन् १९९१ मा प्रजातन्त्रको पुनः स्थापनापछि दोस्रो सबैभन्दा कम मतदाताको सहभागिता रहेको जनाईएको छ।

प्रमुख विपक्षी बीएनपी र अन्य १५ दलको बहिष्कार बीच अवामी लिगले पाँच निर्वाचन क्षेत्रमा जित हासिल गरेको छ।

विजयपछि, हसिनाले बङ्गलादेशका जनताको सेवा गर्ने प्रतिबद्धता व्यक्त गर्दै, बारम्बार मतदान गर्ने नागरिकहरू प्रति आफ्नो जिम्मेवारी बोध भएको बताउनु भएको छ।

# जर्मन फुटबलका सम्राट थिए बेकनबर

काठमाण्डु । फ्रान्ज बेकनबरले खेलाडीका रूपमा पनि विश्वकप जिते । अनि प्रशिक्षकका रूपमा पनि । जर्मनीमा उनी सबैले मनपराइएको व्यक्तित्व थियो। तिनै बेकनबरको सोमबार निधन भयो । उनी ७८ वर्षका थिए।



उनको निधनबारे परिवारले सबैभन्दा पहिले डीपीएस समाचार संस्थालाई भनेको थियो । पछि जर्मन फुटबल संघले पनि यसबारे पुष्टि गऱ्यो । उनको परिवारले भनेको छ, 'मेरा श्रीमान् तथा हाम्रा बुबा बेकनबरको शान्तिपूर्वक निधन भएको छ। त्यति बेला पूरा परिवारको उनकै साथमा थियो।'

उनको निधनको कारण भने खुलाइएको छैन । बेकनबरलाई बायर्न म्युनिख क्लबको इतिहासकै सबैभन्दा महान खेलाडी मानिन्छ। त्यति मात्र होइन, उनलाई जर्मन फुटबलकै 'काइजर' मानिन्छ । त्यो भनेको सम्राट हो।

पछिल्ला केही वर्षदेखि उनी स्वास्थ्यसम्बन्धी समस्याबाट भने गुज्रिरहेका थिए । बायर्नले आफ्नो वेब साइटमा लेखेको छ, 'बायर्न क्लबका रूपमा जस्तो थियो, अब त्यस्तो कहिले पनि रहने छैन। हामी गरिब भएका छौं, उनी विना।'

जर्मन फुटबलमा बेकनबर सधैं केन्द्रमा रहे। जर्मन राष्ट्रिय टिमका लागि उनी भरोसा गर्न लायक पक्का डिफेन्डर थिए । उनी उनकै कप्तानीमा जर्मनीले सन् १९७४ को विश्वकप जितेको थियो। त्यसको ८ वर्ष अगाडि जर्मन सन् १९६६ को विश्वकप फाइनलमा इंग्ल्यान्डसँग विवादास्पद ढंगले पराजित भएको थियो।

सन् १९९० मा जर्मनीले विश्वकप जित्दा त्यस टिमका प्रशिक्षक थिए, बेकनबर। यसरी उनले खेलाडी र प्रशिक्षक दुवै भूमिकामा विश्वकप जिते।

आफ्नो खेल जीवनको अधिकांश समय बायर्नका लागि खेलेका बेकनबरले पछि सन् सत्तरी र अस्सीको दशकमा अमेरिकामा पनि खेले। बायर्नका लागि उनले पहिलो अनुबन्ध गर्दा उनी १८ वर्षकै मात्र थिए

सन् १९९० को विश्वकपको धेरै विशेष अर्थ छ, किनभने त्यही समय त हो, जर्मन फेरि एक भएको, अनि बर्लिन पर्खाल पनि भट्केको। जर्मन फुटबल संघका अध्यक्ष बर्न्ड नेडोर्फले भनेको छ, 'जर्मन फुटबलले देखेका सबैभन्दा राम्रा खेलाडीमा उनी पनि पर्छन्। पूरा विश्व फुटबलमै उनले पुऱ्याएको योगदानका लागि ऋणी रहनेछ।'

यस्तै जर्मन चान्सलर ओलाफ स्कोज्जले पनि सामाजिक संजालमा लेखेका छन्, 'बेकनबरले पुस्तौ पुस्ताका फुटबल खेलाडीलाई प्रभावित पारे।'

ब्राजिलका मारियो जगालोको निधन भएको दुई दिनपछि बेकनबर पनि रहेनन् । खेलाडी र प्रशिक्षक दुवै भूमिकामा विश्वकप जित्नेमध्ये तेस्रो फ्रान्सका डिडिएर डेसक्याम्प हुन्।

सन् २००६ मा जर्मनीले विश्वकप आयोजना गरेको थियो । त्यति बेला जर्मनीलाई आयोजनाको अधिकार जित्ने अभियानमा बेकनबरले प्रमुख भूमिका खेलेका थिए। त्यसै क्रममा उनीमाथि गलत क्रियाकपाल गरेको गम्भीर आरोप पनि लाग्यो । उनीमाथि घुस खाएको खुवाएको र आर्थिक अपचलन गरेको आरोप लागेको थियो।

तर बेकनबरले यी आरोप कहिले पनि स्वीकारेनन् र यसले उनको छवि जर्मनीमा पनि कहिल्यै ब्रिगिएन। बेकनबर त्यस विश्वकप आयोजना कमिटी प्रमुख थिए । सन् २०१६ मा अन्तिम पटक ब्लाइड पत्रिकाका लागि उनले लेखेका थिए, 'न हामी कसैलाई घुस खुवाउन चाहन्छौं, न आफैं खान्छौं।'

त्यस कमिटीका दुई अन्य सदस्यमाथि अनुसन्धान चले पनि बेकनबरमाथि कमजोर स्वास्थ्यका कारण त्यस्तो केही पनि गरिएन। पछि यो पूरा प्रकरण त्यस्तै सेलाएर गएको थियो।

आफ्नो खेल जीवनको अधिकांश समय बायर्नका लागि खेलेका बेकनबरले पछि सन् सत्तरी र अस्सीको दशकमा अमेरिकामा पनि खेले। बायर्नका लागि उनले पहिलो अनुबन्ध गर्दा उनी १८ वर्षकै मात्र थिए।

उनको जन्म सन् १९४५ को सेप्टेम्बर ११ मा भएको थियो । बायर्नका लागि उनले लिबेरोको भूमिमा खेले । यो त्यस्तो डिफेन्डरको भूमिका हो, जसमा उफयुक्त समयमा अगाडि बढेर आक्रमण पनि गर्छ। अचेल यो भूमिका लगभग हराएको स्थितिमा छ।अनलाईन खवर

# जापानमा भूकम्पमा परी मृत्यु हुनेको संख्या २०० नाग्यो

**एएफपी**

टोकियो । जनवरी १ मा जापानमा गएको विनाशकारी भूकम्पका कारण मृत्यु हुनेको सङ्ख्या मङ्गलबारसम्म २०० नाघेको तथा १०० बढी अझै बेपत्ता रहेको अधिकारीहरूले बताएका छन्।

उनीहरूका अनुसार, नयाँ बर्षको पूर्व सन्ध्यामा आएको ७।५ म्याग्निच्युडको भूकम्पले जापानको होन्सु टापु स्थि नोटो प्रायद्वीपमा आगलागी हुँदा भवन तथा पूर्वाधारहरू ध्वस्त भएका थिए।




भूकम्प गएको आठ दिन सम्म पनि उद्धारकर्ताहरू अवरुद्ध सडक र प्रतिकूल मौसमका बावझुत भग्नावशेष हटाउन र फसेका ३५ सय मानिसहरूसामु पुग्ने प्रयास गरिरहेका छन्।

इ शि का वा क्षेत्रीय अधिकारीहरूले मङ्गलबार सार्वजनिक गरेको तथ्याङ्क अनुसार २०० जनाको मृत्यु भएको पुष्टि भएको छ भने १०२ जना बेपत्ता रहेको बताइएको छ।

अधिकारीहरूले सोमबार केन्द्रीय तथ्याङ्क अद्यावधिक गर्दासम्म बेपत्ताको सङ्ख्या तीन गुणा बढेर तीन सय २३ पुगेको थियो । जसमा धेरै जसो अति प्रभावित क्षेत्र वाजिमाका मानिसहरू रहेको बुझिएको छ।

प्रभावित क्षेत्रमा हिउँ परेकाले राहत कार्यमा कठिनाइ भईरहेको छ। सोमबारसम्म झन्डै ३० हजार मानिसहरू ४०० वटा सरकारी आश्रयस्थलमा शरण लिन बाध्य छन्। उनीहरूलाई पर्याप्त खाना, पानीको व्यवस्था गर्न कठिन भइरहेको अधिकारीहरूको भनाइ छ।

झण्डै ६० हजार घरधुरी खानेपानीविहीन छन् भने १५ हजार छ सय घरधुरी बिजुलीविहीन भएका छन् । दिनदिनै परेको वर्षा र पहिरोका कारण सडकको अवस्था बिग्रिएको छ । मङ्गलबारको दैनिक विपद्-राहत सरकारी बैठकमा, प्रधानमन्त्री फुमियो किशिदाले मन्त्रीहरूलाई समुदायको समस्या समाधान गर्न र प्रभावकारी उद्धार कार्य जारी राख्न" निर्देशन दिनु भएको छ।

जापानले हरेक वर्ष यस्ता भूकम्पको सामना गर्छ। यद्यपि चार दशकभन्दा बढी समयदेखि लागू भएको कडा भवन संहिताका कारण त्यतिठूलो क्षति भने भएको थिएन। पुराना संरचनाहरू भएका विशेष गरी नोटो जस्ता ग्रामीण क्षेत्रहरूमा भने अझै धेरै क्षति हुने गरेको छ। सन् २०११ को भूकम्पले सुनामी निम्त्याउदा करिब १८ हजार ५०० मानिसको मृत्यु भएको थियो।

# सन् २०२३ मा स्पेन पुग्ने प्रयासमा छ हजारबढी आप्रवासी हराए

**एएफपी**

मेड्रिड । सन् २०२३ मा सामुद्रिक मार्गबाट स्पेन पुग्ने प्रयासमा प्रतिदिन औसत १८ का दरले कम्तीमा छ हजार छ सय १८ आप्रवासी मारिएको वा हराएको स्पेनी आप्रवासी अधिकारी समूहले मङ्गलबार बताएको छ।

उक्त आँकडा गत वर्ष रेकर्ड गरिएको संख्या दुई हजार तीन सय ९० भन्दा करिब तीन गुणा अधिक रहेको क्यामिनान्डो फ्रोन्टेरस वकिङ बोर्डर्सका समन्वयकर्ता हेलेना मालेनोले पत्रकार सम्मेलनमा जानकारी दिनुभयो । उक्त सङ्गठनले सन् २००७ मा गणना सुरु गरेयता यो सबैभन्दा धेरै आँकडा हो।

मृतक वा बेपत्ता भएका आप्रवासीहरूको परिवार र आधिकारिक उद्धार तथ्याङ्कहरू सङ्कलन गर्ने सङ्गठनका अनुसार यसमा कूल तीन सय ८४ बालबालिका समावेश छन्। छ हजार सातको मृत्यु वा बेपत्ता अफ्रिकाबाट स्पेनको क्यानरी द्वीपसम्म एटलान्टिक बसाइँसराइ मार्गमा भएको हो।

भूमध्य सागरमा नियन्त्रण कडा भएपछि प्राय भीडभाडयुक्त मुस्किलले समुद्रमा चल्ने जहाजहरूमा पर्याप्त खाना र पानीको अभावका साथ सात वटा टापु अफ्रिकामा गरिबी र सङ्घर्षबाट भागेका मानिसका लागि मनपर्ने गन्तव्य बनेका छन्।

मालेनोले भन्नुभयो, "एटलान्टिक मार्ग विश्वको सबैभन्दा घातक मार्ग बनेको छ।" उहाँले उद्धारकर्मीहरूका लागि साधनको अभाव तथा स्पेन जाने प्रयास गर्नेहरूको संख्यामा वृद्धिका कारण गत वर्ष मृत्यु र बेपत्ताहरूको घटनामा वृद्धि भएको बताउनुभयो।

आन्तरिक मन्त्रालयको आँकडाअनुसार सन् २०२३ मा अवैधरूपमा आउने आप्रवासीहरूको सङ्ख्या गत वर्ष दुई गुणाले बढेर ५६ हजार आठ सय ५२ सम्म पुगेको छ। यो सन् २०१८ को ६४ हजार दुई सय ९८ आप्रवासीहरूले स्पेन प्रवेश गरेको संख्यापछिको दोस्रो सबैभन्दा धेरै हो।

अधिकांश करिब ७० प्रतिशत आप्रवासी क्यानरी द्वीप समूहमा पुगेका छन् । उक्त द्वीप समूह उत्तरपश्चिमी अफ्रिकाको तटबाट मुस्किलले एक सय किलोमिटर टाढा छ।

# एपीएफको पोस्टमा संकटाको सात गोल



काठमाण्डु । संकटा क्लवले जारी एन्फा यू-१६ युथ लिग फुटबलमा मंगलवार विभागीय टोली सशस्त्र प्रहरी बल एपीएफको पोस्टमा सात गोल प्रहार गरेको छ।

ललितपुरस्थित एन्फा कम्प्लेक्समा भएको खेलमा संकटाले एपीएफमाथि ७-१ को जित निकालेको हो। कृष्णबहादुर आलेको ह्याट्रिक प्रेरणामा संकटाले विभागीय टोलीमाथि सहज जित निकाल्न सफल भयो।

यो जितसँगै संकटा ९ खेलबाट १९ अंक बटुल्दै शीर्ष स्थानमा उक्लिएको छ। संकटाभन्दा एक खेल कम खेलेको मच्छिन्द्र क्लव १७ अंकसहित दोस्रो स्थानमा छ।

खेलको ११ औं मिनेटमा कृष्णबहादुरकै गोलबाट संकटाले अग्रता लिएको थियो। त्यसपछि २६ औं मिनेटमा स्वयमभक्त श्रेष्ठ, ३६औं मिनेटमा दिलन लिम्बु र पहिलो हाफको थप समयमा कृष्णबहादुरले दोस्रो गोल गरे।

५३ औं मिनेटमा सबिनकुमार लुंगेली मगरले गोल गर्दै संकटाको ५-० को अग्रता दिलाए । तीन मिनेटपछि नै एपीएफले एक गोल फर्कायो।

तर, त्यसपछि थप दुई गोल व्यहोर्दै एपीएफले फराकिलो हार व्यहोऱ्यो। संकटाका लागि छैटौं गोल अरुण श्रेष्ठले ८१ औं मिनेटमा गरे । कृष्णबहादुरले इन्जुरी समयमा तेस्रो गोल गर्दै ह्याट्रिक पूरा गरे।

त्यससँगै संकटाले जारी लिगमा छैटौं जित निकाल्यो । आठौं खेलमा चौथो हार बेहोरेको एपीएफ ११ अंकसहित पाँचौं स्थानमा छ।

# लाओ प्रहरीले सन् २०२३ मा ६ हजारभन्दा बढी आपराधिक मुद्दा छिन्यो

**सिन्ह्वा**

भेन्टियान । लाओस प्रहरीले सन् २०२३ मा कुल ७ हजार ९९६ वटा आपराधिक मुद्दाहरू अध्ययन गरी ६ हजार ७५३ वटा मुद्दा छिनेको छ । ती मध्ये धेरै जसो मुद्दाहरू लागुऔषध कारोबार र ओसारपसार सम्बन्धी छन्।



लाओसको सार्वजनिक सुरक्षा मन्त्रालयले जनवरी ४ देखि ५ सम्म लाओको राजधानी भेन्टियानमा सन् २०२३ मा सञ्चालन गरिएका कानून र व्यवस्थाका विषयमा समीक्षा गर्न र सन् २०२४ का लागि योजना तय गर्न बैठक आयोजना गरेको लाओ सुरक्षा समाचारले मङ्गलबार जनाएको छ।

सन् २०२४ मा सार्वजनिक सुरक्षा अधिकारीहरूले राष्ट्रको बलियो राजनीतिक स्थिरता सुनिश्चित गर्न तथा शान्त र व्यवस्थित समाजको निर्माण गर्न र आधुनिकताको बाटोमा थप प्रगति गर्न जारी राख्ने पनि विलाले जानकारी गराउनु भएको छ।

गत वर्षको सफलतासँगै राजनीतिक शान्ति सुरक्षा सुनिश्चित गर्न पार्टी निर्माण गर्न, प्राविधिक अधिकारीहरूको काममा सुधार ल्याउन विशेष योजना ल्याउने लगायतका थप कार्यभार रहेको बताइएको छ।

# पाकिस्तानद्वारा कायरोमा व्यापार सम्मेलन




**सिन्ह्वा**

इस्लामावाद । पाकिस्तानले इजिप्टसँगको आर्थिक सम्बन्धलाई मजबुत बनाउन इजिप्टको राजधानी कायरोमा पाकिस्तान-अफ्रिका व्यापार सम्मेलन आयोजना गरेको पाकिस्तानी वाणिज्य मन्त्रालयले जनाएको छ।

पाकिस्तानले इजिप्टमा सयभन्दा बढी कम्पनी सहित चौथो पाकिस्तान-अफ्रिका व्यापार विकास सम्मेलन तथा प्रदर्शनी मङ्गलबारदेखि बिहीबारसम्म चल्ने मन्त्रालयले विज्ञप्ति मार्फत जनाएको हो।

पाकिस्तानका दुई सयभन्दा बढी व्यवसायीहरू इन्जिनियरिङ सामान, खाद्य तथा कृषि सेवाहरू जस्ता विभिन्न क्षेत्रहरूको प्रतिनिधित्व गर्दै, व्यापार सहकार्यमा सहभागी हुने विज्ञप्तिमा उल्लेख गरिएको छ। मध्ये पूर्व र उत्तर अफ्रिकी क्षेत्रका एक सय ५० भन्दा बढी प्रमुख व्यवसायी एवं चेम्बर प्रतिनिधिहरू काइरोमा भेला हुने छन्।

मन्त्रालयका अनुसार, सम्मेलन अफ्रिकाको व्यापार नीतिसँग मिल्दोजुल्दो छ। जसले दक्षिण अफ्रिकाको जोहानेसबर्ग, नाइजेरियाको लागोस र केन्याको नैरोबीमा महत्त्वपूर्ण व्यावसायिक लाभहरू दिएको छ।

# चीनमा सञ्चालित उच्च गति रेलवे ४५ हजार किलोमिटर पुग्यो

**सिन्ह्वा**

बेइजिङ। चीनमा सञ्चालित उच्च-गति रेलवेको सन् २०२३ को अन्त्यसम्ममा ४५ हजार किलो मिटर ट्र्याक सम्पन्न भएको राष्ट्रिय रेल अपरेटरले मङ्गलबार जनाएको छ।

चाइना स्टेट रेलवे कम्पनी लिमिटेडका अनुसार चीनको रेलवे सञ्जालको सञ्चालनको माइलेज एक लाख ५९ हजार किलोमिटर रहेको छ।

चीनको रेल क्षेत्रमा लगानी १०७.७ विलियन अमेरिकी डलर पुगेको देखिन्छ। जुन अघिल्लो वर्षको तुलनामा ७.५ प्रतिशतले बढी हो ।

सन् २०२३ मा कुल ३ हजार ६३७ किलोमिटर नयाँ ट्र्याकहरू सञ्चालनमा आएका छन् । जसमा २ हजार ७७६ किलोमिटर उच्च-गति रेलवेहरू समावेश छन्।

गत वर्ष चीनको रेल पूर्वाधार निर्माणमा ३४ वटा परियोजनाको निर्माण र सञ्चालन, १०२ वटा रेलवे स्टेशनमा सेवाको शुरुवात् तथा निर्माणाधीन ११२ वटा परियोजनाको प्रगति समावेश रहेको कम्पनीले जनाएको छ।

# नेप्से परिसूचक बढ्यो

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक २० दशमलव ६२ अङ्कले वृद्धि भएको छ । मंगलबार नेप्से परिसूचक एक प्रतिशतले बढेर दुई हजार ८० दशमलव १२ अङ्कमा कायम भएको छ ।

तीन सय नौ कम्पनीको एक करोड ७९ लाख ४९ हजार पाँच सय ६२ कित्ता शेयर एक लाख चार हजार छ सय १९ पटक खरिदबिक्री हुँदा रु छ अर्ब ११ करोड ८३ लाख १७ हजार आठ सय ६६ बराबरको कारोबार भएको नेप्सेले जनाएको छ । मंगलबार जलविद्युत् समूह शून्य दशमलव ४५, उत्पादन तथा प्रशोधन समूह शून्य दशमलव ०४ र म्युचुअल फन्ड समूह शून्य दशमलव १५ प्रतिशतले घटेका छन् भने अरू सबै समूहको उपसूचक बढेको छ । सबैभन्दा धैरै विकास बैङ्क समूह पाँच दशमलव २१ र होटल तथा पर्यटन समूह तीन दशमलव ६४ प्रतिशतले बढेका छन् ।

आठ कम्पनीको शेयर मूल्यमा मंगलबार सकारात्मक सर्किट लागेको छ । विकास बैङ्कको शेयर कारोबार बढेको देखिएको छ । कर्णाली डेभलपमेन्ट बैङ्क लिमिटेड, सिन्धु विकास बैङ्क लिमिटेड, कालिका लघुवित्त वित्तीय संस्था लिमिटेड, सप्तकोशी डेभलपमेन्ट बैङ्क लिमिटेड, अपर स्याङ्गी हाइड्रोपावर लिमिटेड, त्रिशूली जलविद्युत् कम्पनी लिमिटेड, मुक्तिनाथ कृषि कम्पनी लिमिटेड र हिमालय रिइन्सुरेन्स कम्पनीको शेयर मूल्य १० प्रतिशतले बढेको छ । सबैभन्दा धैरै धौलागिरि लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य आठ दशमलव १९ प्रतिशतले घटेको छ ।

कारोबार रकमका आधारमा मंगलबार सबैभन्दा धैरै सोनापुर मिनरल्स एन्ड आयल लिमिटेडको रु २१ करोड ४९ लाख ४५ हजार आठ सय ९३ बराबरको कारोबार भएको छ । कारोबार भएका शेयर स॰्याका आधारमा भने नेपाल इन्फ्रास्ट्रक्चर डेभलपमेन्ट बैङ्क लिमिटेडको आठ लाख ५१ हजार ५० कित्ता शेयर किनबेच भएको छ ।

# मोदी–ए जलविद्युत् आयोजनामा लगानी जुट्यो

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनीमार्फत् कास्कीको अन्नपूर्ण गाउँपालिकामा निर्माण हुने ४२ मेगावाट क्षमताको माथिल्लो मोदी 'ए' जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन भएको छ ।




निर्माण अवधिको ब्याजसहित रु १० अर्ब ५७ करोड अनुमानित लागत रहेको आयोजनामा ७० प्रतिशत ऋणबाट र ३० प्रतिशत स्वपूँजी (इक्विटी)बाट लगानी जुटाइएको हो । एनएमबी बैङ्क र हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेन्ट एन्ड डेभलपमेन्ट कम्पनी (एचआइडिसीएल) को सहवित्तीयकरणमार्फत् आयोजनामा निर्माण अवधिको ब्याजसहित रु सात अर्ब ४० करोड ऋण लगानी गर्ने छन् । कुल ऋणमध्ये एनएमबी बैङ्कको रु चार अर्ब ४० करोड र एचआइडिसीएलको रु तीन अर्ब रहनेछ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री शक्तिबहादुर बस्नेतको उपस्थितिमा आयोजनाको प्रवर्द्धक मोदी जलविद्युत् कम्पनी लिमिटेड, एनएएमबी बैङ्क र एचआइडिसीएलबीच त्रिपक्षीय ऋण सम्झौतामा हस्ताक्षर भएको छ । त्यस अवसरमा मन्त्री बस्नेतले देशभित्र उत्पादित विद्युत् आन्तरिक रुपमै खपत बढाउने र बचत भएको विद्युत् भारत तथा बङ्गलादेशलाई बिक्री गर्ने लक्ष्यका साथ सरकारले काम गरिरहेको बताए ।

मन्त्री बस्नेतले १० वर्षमा १० हजार मेगावाट विद्युत् भारतीय बजारमा निर्यात सुनिश्चित भएकाले अहिले उत्पादन तथा आन्तरिक खपतवृद्धि र निर्यातलाई विशेष ध्यान दिई काम अगाडि बढाइएको बताए । "जलविद्युत् आयोजनाको उत्पादन अनुमतिपत्र लिएर वर्षौंसम्म काम नगर्ने र विद्युत् खरिद बिक्री सम्झौता गरेर नौ/दश वर्षसम्म एक प्रतिशतसम्म पनि काम नगर्ने अवस्था देखिएको छ, यस्तो अवस्थाको अन्त्य गर्न चाँडै महत्वपूर्ण निर्णय गर्दैछौं", उनले भने, "विद्युत् महसुललगायत विषयमा राज्यले अन्यायपूर्ण व्यवहार गर्दैन, न्यायपूर्ण व्यवहार गर्दछ ।"

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव गोपाल सिग्देलले देशभित्र उत्पादित विद्युत् निर्यातका लागि नेपाल-भारतबीचका पूर्वाधार संरचनाहरुको थप विस्तार र सुदृढीकरणका लागि छलफल भइरहेको जानकार दिए ।

प्राधिकरणका कार्यकारी निर्देशक एवं मोदी जलविद्युत् कम्पनीका अध्यक्ष कुलमान घिसिङ्ले आगामी दिनमा नेपालको जलविद्युत् विकासले फड्को मार्ने बताए । "प्राधिकरण अब ठूला जलविद्यूत् आयोजनाको निर्माणमा अगाडि बढ्दैछ । सन् २०२४ भित्रमा एक हजार ६१ मेगावाटको माथिल्लो अरुण र छ सय ३५ मेगावाटको दूधकोशी जलाशययुक्त जलविद्युत् आयोजनाको वित्तीय व्यवस्थापन गर्ने गरी काम भइरहेको छ", कार्यकारी निर्देशक घिसिङ्ले भने, "प्राधिकरण र त्यसका सहायक कम्पनीमार्फत करिब १६ हजार मेगावाट विद्युत उत्पादनका आयोजना अध्ययन, निर्माण र लगानी जुटाएर निर्माणमा जाने चरणमा छन् ।"

एचआइडिसीएलका प्रमुख कार्यकारी अधिकृत अर्जुन गौतमले विद्युत् उत्पादन आयोजना निर्धारित समयमा समयमा पूरा हुँदैनन् भन्ने भाष्य असत्य साबित गर्नेतर्फ निर्माता र प्रवर्द्धकहरु लाग्नुपर्नेमा जोड दिए । उनले सन् २०३५ सम्ममा २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने सरकारी लक्ष्यलाई पूरा गर्न आवश्यक पर्ने रकम जोहो गर्न कम्पनी तयार रहेको बताए । एनएमबी बैंकका प्रमुख कायकारी अधिकृत सुनिल केसीले आयोजनामा लगानी गर्न पाउनु आफ्नो बैङ्कका लागि अवसर भएको बताए ।

माथिल्लो मोदी 'ए' जलविद्युत् आयोजनाको निर्माण सुरु भएको ४ वर्षभित्रमा सम्पन्न गर्ने लक्ष्य छ । हालसम्म आयोजना निर्माण तयारीका कामहरु भइरहेका छन् । आयोजनाको प्योकज-१ अन्तर्गत सिभिल तथा हाइड्रोमेकानिकल काम गर्न बोलपत्र आह्वान गरी बोलपत्रदाताले पेस गरेको प्राविधिक प्रस्ताव मूल्याङ्कनको अन्तिम चरणमा छ । आयोजनाको साइट कार्यालय तथा आवसगृह निर्माण भइरहेको छ । निजी जग्गा अधिग्रहण तथा वन क्षेत्रको जग्गा प्रयोगको स्वीकृति भइसकेको छ । आयोजनाको निर्माण सुपरीवेक्षण परामर्शदाताका लागि एनइए इन्जिनियरिङ कम्पनसँग सम्झौता भइसकेको छ । कम्पनीले १८ दशमलव २ मेगावाटको माथिल्लो मोदी जलविद्युत् आयोजनाकोसमेत निर्माण गर्ने छ ।

# तालिमले बनायो उद्यमी

**टुडे समाचारदाता**

पाँचथर । पाँचथरको फालेलुङ गाउँपालिका-५ का छ वर्ष वैदेशिक रोजगारीमा गएर फर्केका परिश्रमी युवा हुनुहुन्छ, पदमबहादुर खपाङ्गी । सधैँ विदेशी भूमिमा पसिना बगाएर मात्रै भविष्य सुनिश्चित हुने नदेखेपछि उनी आफ्नै गाउँघरमा केही व्यवसाय गर्ने सोच लिएर घर फकिएका थिए । त्यतिबेला फालेलुङ भएर नेपाल र सिक्किमसँगको सिमानामा पर्ने तीन सिमाना भञ्ज्याङ जाने पर्यटकीय मार्ग पनि कालोपत्र हुँदै गरेको थियो ।

तीन सिमानामा हरेक वर्ष चौँरी महोत्सव गाउँपालिकाले आयोजना गर्ने गरेको थियो । महोत्सव हेर्न छिमेकी जिल्ला र सिक्किमबाट समेत पर्यटक आउने गर्दथे । महोत्सवको प्रचारसँगै बर्सेनि पर्यटकको संख्या पनि बढिरहेको थियो । यस भञ्ज्याङबाट विश्वको तेस्रो अग्लो हिमाल कञ्चनजङ्घा हिमाल र कञ्चनजङ्घा हिमशृङखलाको साथै चौँरी गाईको प्रत्यक्ष अवलोकन गर्न सकिने भएकाले यो स्थान पर्यटकको रोजाइमा पर्न थालेको छ ।

पदमबहादुर विदेशमा रहँदा उहाँकी श्रीमती डिनाले गाउँमै सानो किराना पसल सञ्चालन गरेका थिए । यसले घरखर्च चलाउन सहजिलो भएको थियो । डिनाले किराना पसलसँगै सदरमुकामबाट पाउरोटी खरिद गरी बेच्ने पनि गर्थ्यो ।

सदरमुकामबाट पाउरोटी ल्याई बिक्री गर्दा ल्याएको समयमा सबै पाउरोटी बिक्री भई नसक्दा मिति सकिने र ५० किलोमिटर टाढा भएकाले फिर्ता पनि नहुने समस्या थियो । यसले कहिलेकाहीँ उल्टै नोक्सानीसमेत व्यहोर्नुपर्ने हुन्थ्यो ।

घर फर्केपछि श्रीमतीले सुरु गरेको किसाना पसलले मात्रै ४० वर्षका पदमबहादुरलाई चित्त बुझ्नेन । कुनै व्यवसाय गर्ने विचार उनको मनमा पलायो । मनमनै उनले पाउरोटी उद्योग सञ्चालन गर्ने सोच बनाए पनि सीपको अभावमा अलमलमा परेका थिए । यतिकैमा नवीकरणीय ऊर्जा तथा ऊर्जा दक्षता कार्यक्रमलले बेकरीसम्बन्धी छदिने सीप विकास तालिम आयोजना गरेको खबर स्थानीय बुद्धिजीवी सुरेन्द्र अधिकारीबाट थाहा पाए । यस कार्यक्रमले गत वर्षको माघ १५ देखि २० गतेसम्म सदरमुकाम फुङ्लिङमा सञ्चालन गरेको तालिममा सहभागी भए ।

तालिमले उनलाई बेकरी उद्योग स्थापना गर्न प्रेरणा मिल्यो । उनको योजनालाई श्रीमतीले पनि समर्थन गरेपछि उनले बेकरी बनाउन आवश्यक मेसिन तथा औजार खरिदको लागि पैसा जोहो गरे । आफूसँग भएको पैसाले मात्र नपुग्ने भएपछि उनले श्रीमतीका नाममा फालेलुङ गाउँपालिकामा रहेको छिमेक लघुवित्तबाट रु तीन लाख २० हजार ऋण निकाले । तालिम सहजकर्ता ज्ञानबहादुर भारतीको सल्लाहअनुसार काठमाडौँ गई करिब रु छ लाख ५० हजारको लगानीमा मध्यम खालको मेसिन र अन्य आवश्यक सामान लिएर गाउँ फर्किए ।

मेसिन ल्याएपछि गाउँपालिका, जिल्ला घरेलु कार्यालय पाँचथर र आन्तरीक राजश्व कार्यालय पाँचथरमा नेपाल सरकारको नियमानुसार गत वैशाखमा पाउर ोटी उद्योग दर्ता गरी सञ्चालन गरे । तालिम लिएपछि तीन महिना त दर्ता प्रक्रियादेखि सामान खरिद गर्नमा नै समय बित्यो । उनको उद्योगमा वर्षायामको समयमा दैनिक औसतमा ३५ केजी बराबरको मैदाको पीठोको पाउर ोटीका विभिन्न सामग्री उत्पादन हुने गर्दथ्यो । हिउँदमा भने पाउर ोटीको माग घटेका कारण दैनिक २० केजी बराबरको मैदाको पीठोबाट उनले सामग्री उत्पादन गर्दै आएका छन् । सदरमुकामबाट ल्याएको बासी पाउरोटी खान बाध्य स्थानीय उपभोक्ता र पर्यटकहरु गाउँमै बनेको ताजा पाउरोटी पाउँदा निकै खुसी छन् । उनी खाद्य तथा गुणस्तर नियन्त्रण विभागमा पनि दर्ता गरी गुणस्तरीय उत्पादनको सुनिश्चित गराउने सोचमा छन् ।




गाउँमा केन्द्रीय प्रसारण नभए पनि उद्योग सञ्चालन गर्न आवश्यक विद्युत् पनि स्थानीय लघुजलविद्युत् आयोजनाबाट प्राप्त भएको छ । स्थानीय खेवाथाम खोलाबाट उत्पादित लघुजलविद्युत् (४० किलोवाट क्षमता) आयोजनाको बिजुली प्रयोग गरेबापत आफूले आयोजनालाई पनि मासिक रु तीन हजारसम्म विद्युत् महसुल बुझाउने गरेको उनको भनाइ छ । उद्योग सञ्चालन गर्न खपाङ्गी दम्पतीले पूरै समय दिएका छन् भने आवश्यकताअनुसार पदमबहादुरले आफ्नो भाइहरुलाई पनि दैनिक ज्यालादारीमा बोलाउने गर्छन् । स्थानीय माध्यमिक र आधारभूत विद्यालयको वरिपरि रहेका पसलबाट हरेक दिन पाउर ोटीलगायत अन्य सामग्रीहरुको माग हुने भएकाले बिहान समयमा पसलपसलमा पुऱ्याउन एकजना ज्यालादारी कामदार पनि राखेका छन् ।

उत्पादन गरेको सबै सामग्री बिक्री भएको देख्दा उनी आफ्नो व्यवसायप्रति सन्तुष्ट छन् । बजार माग धान्नै नसकिने गरी बढेको छ भने स्थानीय उपभोक्ताहरु पनि ताजा र गुणस्तरीय पाउरोटी स्थानीय स्तरमै पाएर दङ्ग छन् । व्यवसाय बढेसँगै व्यवसाय र लेखा व्यवस्थापन गर्न आफूलाई थप सीपको आवश्यकता भएको उनी बताउछन् । लेखा व्यवस्थापनको अभावमा यति नै नाफा भयो भनी बताउन नसके पनि छिमेक लघुवित्तको मासिक किस्ता २४ हजार तिरी लगभग रु ३० हजार नाफा भएको छ । व्यवसायलाई अझै बढाउँदै लैजाने सोचमा रहनुभएका पदमबहादुर गाउँपालिकासँग पनि उद्योग व्यवसाय प्रवर्द्धनमा थप सहयोगको अपेक्षा राख्छन् ।

हिउँदको समयमा अपेक्षित रुपमा पाउरोटी खपत हुन नसकेपछि खपाङ्गीको परिवारलाई व्यवसाय चलाउन हम्मे परिरहेको छ । गाउँमा सुरु भएको व्यवसाय निरन्तर चलाउन गाउँपालिकासँग उनले सहयोगको अपेक्षा राखेका छन् । गाउँपालिकाबाट सहयोगका लागि केही सहयोग प्राप्त हुन्छ कि भन्ने अपेक्षाले उनले सबै कागजात मिलाएर गाउँपालिकामा गत मङ्सिरमा निवेदन दिएका छन् । यस वर्ष सहयोगको कार्यक्रम नभएकाले अर्को वर्ष सहयोग उपलब्ध गराउने बचन उनले गाउँपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुबाट पाएका छन् ।

# हिमालय एयरलाइन्सलालाई आयोसा सर्टिफिकेट




**टुडे समाचारदाता**

काठमाण्डु । हिमालय एयरलाइन्सले 'आयोसा' प्रमाणपत्र प्राप्त गरेको छ । उड्डयन क्षेत्रको सुरक्षा मापदण्ड सुदृढीकरणमा गरेको पहलकदमीस्वरुप एयरलाइन्स आयोसामा दर्ता हुने पहिलो नेपाली वायुसेवा कम्पनी बनेको छ । गत डिसेम्बर २८ मा अन्तर्राष्ट्रिय हवाई यातायात सङ्घ (आईएटिए)ले सन् २०२५ मार्च ३ सम्म मान्य हुने गरी आयोसा प्रमाणीकरण गरेको हो । योसँगै हिमालय एयरलाइन्स विश्वका विमान कम्पनीसरह सुरक्षा मापदण्ड कायम गर्ने विमान कम्पनीका रुपमा दर्ज भएको छ ।

हिमालय एयरलाइन्स नेपाल-चीन संयुक्त लगानीमा रहेको निजी क्षेत्रको हवाई कम्पनी हो । यो उपलब्धीलाई हिमालय एयरलाइन्सले उड्डयन क्षेत्रको कोसोढुङ्गाको रुपमा लिएको जनाएको छ । मंगलबार आयोजित पत्रकार सम्मेलनमा कम्पनीका उपाध्यक्ष विजय श्रेष्ठले आयोसामा दर्ता भएको उपलब्धी विमान कम्पनीको मात्रै नभइ मुलुक र उड्डयन क्षेत्रको उपलब्धी भएको बताए । "यो उपलब्धीले नेपालको उड्डयन उद्योगमा सकारात्मक परिवर्तनको सङ्केत गर्छ", उनले भने, "हवाई सुरक्षामा नयाँ आयाम स्थापित गर्दै यस क्षेत्रको उदाहरणका रूपमा नेतृत्व गर्न पाउँदा हामीलाई गर्व लागेको छ ।"

यस प्रमाणीकरणले उच्च सुरक्षा मापदण्ड कायम राख्नका लागि कम्पनीको निरन्तर प्रयासलाई मात्र प्रमाणित गर्ने नभई विश्वव्यापी उड्डयन समुदायमा एक विश्वसनिय वायुसेवा कम्पनीका रूपमा समेत स्थान दिने उपाध्यक्ष श्रेष्ठले बताए । उनले आगामी वर्षहरूमा पनि यस उपलब्धिलाई कायम राख्न कम्पनी प्रतिबद्ध रहेको बताए ।

नेपाल नागरिक उड्डयन प्राधिकरणको उड्डयन सुरक्षा तथा सुरक्षा नियमन निर्देशनालयका उपमहानिर्देशक नविना कर्माचार्यले हिमालय एयरलाइन्सको उपलब्धी मुलुकका लागि गौरवको विषय भएको बताए । उनले भने, "प्राधिकरणका तर्फबाट म हिमालय एअरलाइन्सलाई हवाई सुरक्षाप्रतिको असाधारण समर्पणका लागि तथा प्रतिष्ठित प्रमाणपत्र प्राप्त गर्न सफल भएकोमा प्रशंसा व्यक्त गर्दछु । हिमालय एअरलाइन्स्को यो उपलब्धिले निश्चित रूपमा यात्रुहरूको विश्वासलाई सुदृढ गर्न तथा देशमा हवाई यात्राको विकास र विस्तारमा महत्वपूर्ण योगदान पुऱ्याउँछ ।"

सन् २०१४ मा स्थापना भएको हिमालय एयरलाइन्सले हाल चार थान विमान तीन एयरबस ३२०-२१४ र एक एयरबस ३१९-१४४ मार्फत मध्यपूर्व र दक्षिण एशियाका प्रमुख राष्ट्रहरू संयुक्त अरब इमिरेट्स, मलेसिया, कतार, साउदी अरेबिया, कुवेत, बङ्गलादेश र चीनका पाँच सहरहरु बेइजिङ, छिङदाओ, सांघाई, चोङकिङ र ल्हासामा उडान गर्दै आएको छ ।


## भूमिसुधार तथा मालपोत कार्यालय, रौतहट, गौरको
## नामसारीको हकदावी बारे ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला रौतहट साबिक गा.वि.स. रामपुर खाप वडा नं. ८ हाल परोहा न.पा. ९ मा बस्ने नेपाली साह तेलीको नाती जैय किसुन साह तेलीको नाउँमा दर्ता कायम रहेको जग्गाहरु जि.रौ.गा.वि.स.रामपुर खाप वडा नं. ८ कि.नं. ७३ को ज.वि. ०-४-८, कि.नं. १५२ को ज.वि. ०-२-०, कि.नं. ३४२ को ज.वि. ०-१-५, ऐ. वडा नं. १ क कि.नं. ९७ को ज.वि. ०-८-०, ऐ. वडा नं. ९ क कि.नं. ९१ को ज.वि. ०-४-१४ र आमा नाता पर्ने नैना तेलीनको नाउँमा दर्ता कायम रहेको जग्गा जि.रौ.गा.वि.स. रामपुर खाप वडा नं. ८ कि.नं. १७९ को ज.वि. ०-६-४ जग्गाहरुको नामसारी मांग भई आएकोमा मो. भिडान हुँदा तिन पुस्ते कायम, श्रेस्ता कायम नभएकोमा सो सम्बन्धित हकदार, हकदावी दखल सम्बन्धमा ३५ दिन सार्वजनिक सूचना प्रकाश भई म्याद सकेपछि पेश गर्ने ।

**तपसिल**

| जिल्ला | गा.वि.स. | वार्ड नं. | कि.नं. | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|---|
| रौतहट | रामपुर खाप | ८ | ७३ | ०-४-८ | जैय किसुन साह तेली |
| रौतहट | रामपुर खाप | ८ | १५२ | ०-२-० | जैय किसुन साह तेली |
| रौतहट | रामपुर खाप | ८ | ३४२ | ०-२-८ | जैय किसुन साह तेली |
| रौतहट | रामपुर खाप | ८ | ३६० | ०-१-० | जैय किसुन साह तेली |
| रौतहट | रामपुर खाप | ८ | १७७ | ०-१-५ | जैय किसुन साह तेली |
| रौतहट | रामपुर खाप | ८ | १७८ | ०-१-५ | जैय किसुन साह तेली |
| रौतहट | रामपुर खाप | १क | ९७ | ०-८-० | जैय किसुन साह तेली |
| रौतहट | रामपुर खाप | ९ क | ९१ | ०-४-१४ | जैय किसुन साह तेली |
| रौतहट | रामपुर खाप | ८ | १७९ | ०-६-४ | नैना तेलीन |



## गौशाला नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### गौशाला, महोत्तरी
### मधेश प्रदेश, नेपाल

## बजार आय संकलन ठेक्का बन्दोबस्तका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना

**(दोश्रो पटक प्रकाशित मिति:२०८०/०९/२५)**

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा (११) र (६४), गौशाला नगरपालिकाको आर्थिक ऐन २०८० र गौशाला नगरपालिकाको आन्तरिक आय संकलन ठेक्का बन्दोबस्त गर्ने सम्बन्धी कार्यविधि २०७६ बमोजिम तपशिलमा उल्लिखित बजार ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ती, फर्म वा कम्पनीहरुले तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

| सि. नं. | सूचना नं./बोलपत्र नं. | बोलपत्रको नाम | न्यूनतम बोलपत्र रकम | बोलपत्र दर्ता गर्नु पर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति | धरौटी रकम | बोलपत्र दस्तुर (रू.) |
|---|---|---|---|---|---|---|---|
| १ | RE/GAU/NCB/INCOME/1–2080/081 | कान्ति बजार गौशाला-१२ को आय संकलन ठेक्का बन्दोबस्त | ८०,५००।०० | २०८०/१०/०३, दिउसो १२:००भित्र | २०८०/१०/०३, दिउसो ०२:०० | कुल कबोल अंकको ५ % हुन आउने रकम | १०००।०० |
| २ | RE/GAU/NCB/INCOME/2–2080/081 | विशाल बजार गौशाला-०१ को आय संकलन ठेक्का बन्दोबस्त | ५१,५००।०० | २०८०/१०/०३, दिउसो १२:००भित्र | २०८०/१०/०३, दिउसो ०२:०० | कुल कबोल अंकको ५ % हुन आउने रकम | १०००।०० |

थप जानकारीको लागि गौशाला नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

# तराई मधेशका जिल्लामा अत्यधिक जाडो र शीतलहर

टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधामसहित तराई मधेशका जिल्लामा चिसो बढेको छ। बिहानैदेखि बाक्लो हुस्सु लाग्नुका साथै शीतलहर सुरु भएसँगै चिसो बढेको छ।

चिसो र शीतलहरले जनकपुरधामसहित जनजीवन कष्टकर बनेको छ । चिसोको कारण धनुषाका विभिन्न पालिकाहरूको जनजीवन कष्टकर बनेको छ । धनुषाको जनकपुरधाम, नगराइन, मिथिला नापा, क्षीरेश्वरनाथ नापाका महेन्द्रनगर बजार हरूमा चहलपहल घटेको छ । अत्यधिक जाडोले सवारीसाधनमा यात्रुको चाप समेत घटेको छ।

चिसोबाट बच्चा, वृद्ध र विपन्न परिवारहरू बढी प्रभावित हुनेगरेका छन् । अत्यधिक चिसोको कारण मानिसहरूलाई घर बाहिर निस्कन समेत मुस्किल परेको छ। ग्रामीण भेगमा खास गरी चिसो छल्न घुर (आगो) बालेर तापिरहेका छन्।



जाडोको कारण तराई मधेशमा बर्सेनि विपन्न परिवारका व्यक्तिहरूको मृत्यु हुँदै आएको छ। चिसो बढ्दै जाँदा बालबालिका, वृद्धवृद्धा र शारीरिक अवस्था कमजोर रहेका व्यक्तिहरूले स्वास्थ्यमा ख्याल गर्न स्वास्थ्यकर्मीहरुले आग्रह गरेका छन्।

## रौतहटका सामुदायिक विद्यालय चार दिन बन्द

केही दिनयताको शीतलहरसँगै चिसो बढेपछि रौतहटका सामुदायिक विद्यालय धमाधम बन्द हुँदैछन्। शिक्षा समन्वय एकाइ रौतहटले जाडो अत्यधिक बढेका कारण बालबालिकाको स्वास्थ्यलाई ख्यालमा राखी जाडो बिदा दिन जिल्लाका सबै विद्यालयलाई सूचना जारी गरेपछि मङ्गलबारदेखि विद्यालय बन्द भएको छ।

जिल्लाको चन्द्रपुर, फतुवाविजयपुर, देवाहीगोनाही, कटहरियालगायत १८ वटा पालिकाले मङ्गलबारदेखि आउँदो शुक्रबारसम्म विद्यालय बन्द गरेका छन्।

शिक्षा समन्वय एकाइ रौतहटका प्रमुख रामविनय सिंहले जिल्लाका १८ वटै पालिकाका सबै सामुदायिक विद्यालयलाई हिउँदे वा वर्षे बिदाबाट बिदा मिलान हुने गरी पाँच दिनसम्म जाडो बिदा दिन सोमबार नै सूचना जारी गरेपछि मङ्गलबारदेखि विद्यालय बन्द भएको बताए।

उनका अनुसार शिक्षा नियमावली २०५९ को नियम ८५ को उप नियम ३ मा उल्लेख भएअनुसार एक शैक्षिक सत्रमा हिउँद वा वर्षे बिदा वा दुवै गरी ४५ दिन विद्यालय बन्द रहने प्रावधान रहेकोले सोहीबमोजिम सञ्चित रहेको वर्षे बिदाबाट जाडो बिदा दिन सूचना जारी गरेको छ।

## कलैया र जीतपुर सिमराका विद्यालय पनि बन्द

चिसो बढेपछि जीतपुरसिमरा र कलैया उपमहानगरले पनि मंगलबारदेखि तीन दिनका लागि विद्यालय पठन पाठन बन्द गर्ने निर्णय गरेको छ। उपमहानगरहरूले नगरप्रमुख स्तरीय निर्णय गरेर तीन दिनका लागि शैक्षिक संस्था बन्द गर्ने निर्णय गरेको छ।

चिसो बढेका कारण विद्यालयमा पठन पाठनमा समस्या भएको भन्दै शिक्षक र अभिभावकहरूबाट गुनासो आएपछि उपमहानगरले पठन पाठन बन्द गर्ने निर्णय गरेको जीतपुर सिमरा उपमहानगर शिक्षा शाखाले जनाएको छ।

यता कलैया उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत नाथु साहले चिसोको कारण विद्यार्थीको स्वास्थ्यलाई ख्याल राखेर विद्यालय बन्द गर्ने निर्णय गरिएको बताएका छन् । कलैया उपमहानगरमा ७१ वटा सामुदायिक र ६५ वटा संस्थागत विद्यालयहरू रहेका छन् भने जीतपुर सिमरामा ६१ वटा सामुदायिक र५१ वटा संस्थागत निजी विद्यालय रहेका छन्।

'लगातार हुस्सु, कुहिरो लागेर चिसो बढेकोले विद्यार्थीहरुलाई पठन पाठनमा समस्या भयो भनेर शिक्षकहरूबाटै गुनासो आएकोले ३ दिनको लागि नगरपालिका विद्यालय बन्द गर्ने निर्णय गरेको हो' जीतपुर सिमरा शिक्षा शाखा प्रमुख हरिष भट्टले जनाएका छन्। उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत शिवजी प्रसादले सार्वजनिक सूचना प्रकाशित गरेर बिदा बारे जानकारी गराएका छन् । मंगलबारदेखि बन्द भएका विद्यालयहरू बीचमा सार्वजनिक बिदा भएकोले माघ २ गतेबाट मात्रै खुल्ने जनाइएको छ।

## दिउँसै बत्ति बालेर सवारी चलाउने बाध्यता

बिहानैबाट लागेको बाक्लो हुस्सु र शीतलहरका कारण मधेशका विभिन्न जिल्लामा दिउँसै बत्ति बालेर सवारी साधन चलाउनुपर्ने बाध्यता सृजना भएको छ ।

बाक्लो हुस्सुका कारण सवारी साधानलाई दिउँसै बत्ति बालेर कुद्नुपर्ने अवस्था आएको छ। हुस्सु र शीतलहरका कारण बिहानैबाट सर्वसाधारण घरबाट बाहिर निस्कन सक्न सकेका छैनन् । चिसोका कारण मधेशको ग्रामीण जनजीवन प्रभावित भएको छ । मधेशमा पर्ने पूर्वपश्चिम राजमार्ग र चन्द्रनिगाहपुर गौर सडक खण्डमा चल्ने सवारी साधनलाई बत्ति बालेर बिस्तारै कुदाउन निर्देशन दिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय रौतहटका प्रमुख सुशील आर्चायले बताए।

# सप्तरीका महिला सामूहिक खेती तर्फ अग्रसर



मनोज माझी

राजविराज । सप्तरीको विभिन्न पालिकाका विपन्न महिला सीप सिकेर सामूहिक तरकारी खेती तर्फ अग्रसर भएका छन् । जसबाट उनीहरुको जीवनस्तरमा सुधार आएको छ भने शिक्षाको उज्यालो घामबाट बञ्चित रहेका उनका बालबच्चाहरु अहिले उल्लेख्य संख्यामा विद्यालय जान थालेका छन्।

सप्तरीको छिन्नमस्ता गाउँपालिका ७ की दलित महिला सीता देवी सदा विगतमा साहु महाजनको खेतबारीमा काम गरेर जसोतसो परिवार चलाउँदै आएकोमा अहिले सेभ द सप्तरी तथा सेभ द चिल्ड्रेन नामक संस्थाले सीपसँगै लिजमा दिलाई दिएको खेती योग्य जग्गामा आफूसहित एक दर्जन महिला सामूहिक खेतीमा जुटेको र यसबाट हुने आम्दानीले परिवारको लालन पालन र सन्तानको शिक्षा दीक्षा सहज भएको बताउँछिन् । तरकारी खेतीबाट आम्दानी बढ्दै गएपछि हौसला मिलेको तिलाठी कोइलाडी गाउँपालिका ७ की महिला कृषक प्रमिला देवी साहको भनाइ छ।

उनी विगत ७ वर्षदेखि मौसमी साग सब्जी खेती गर्दै आएकी छन्। साहु महाजनकोमा मजदुरीमा मात्र सिमित रहँदै आएका सो गाउँका विपन्न महिला जीविकोपार्जन गर्न कठिन भएपछि आफ्नो आय आर्जनका लागि तरकारी खेती तर्फ अग्रसर भएको र यसका लागि सेभ द सप्तरी र सेभ द चिल्ड्रेन नामक संस्थाले सहयोग गरेको महिला कृषकहरु बताउँछिन्।

सीपसँगै आवश्यक स्रोत साधन पाएपछि मौसमी तथा बेमौसमी दुवै खाले तरकारी खेती गर्न सहज भएको उनीहरुको भनाइ छ । विपन्न समुदायका किसानको आय आर्जनमा वृद्धि, जीवनस्तरमा सुधार तथा उनको सन्तानको शिक्षा र स्वास्थ्यमा पहुँच बढाउने उद्देश्यले सेभ द चिल्ड्रेनको साझेदारीमा सेभ द सप्तरीले विगत ७ वर्षदेखि चलाएको कार्यक्रमले विपन्न समुदायमा यस्तो सकारात्मक परिवर्तन देखिएको छ। स्वरोजगार हौं, आत्मनिर्भर बनौं नाराका साथ उक्त कार्यक्रम अहिले जिल्लाको राजविराज नगरपालिकाका साथै छिन्नमस्ता गाउँपालिका, तिलाठीकोइलाडी गाउँपालिका र विष्णुपुर गाउँपालिकाको विभिन्न वडाको विपन्न बस्तीमा सञ्चालनमा रहेको सेभ द सप्तरीका अध्यक्ष ध्रुव देवको भनाइ छ।

उनले कृषक समूह नै बनाएर तालिमसँगै आर्थिक, प्राविधिक र आवश्यक कृषि उपकरण सहयोग स्वरुप उपलब्ध गराएपछि विपन्न समुदायका महिला मात्र नभई पुरुषहरु समेत तरकारी खेती तर्फ अग्रसर भइ राम्रो आम्दानी गर्न थालेको र उनीहरुको जीवनस्तरमा सुधार भएको छ । भूमिहीन किसानलाई खेतीका लागि लिजमा जग्गा उपलब्ध गराउनुका साथै तालिम, विउ विजन, मल खाद्य, किरा मार्ने औषधि बनाउने सामाग्री तथा खेतीका लागि सिँचाई गर्ने उपकरण लगायतका सरसामान र उपकरण निःशुल्क उपलब्ध गराइएपछि कृषक समूहमा उत्साह देखिएको सेभ द सप्तरीका कृषि प्राविधिक राम कुमार साहको भनाइ छ। उनले अति पिछडिएका समुदायलाई लक्षित गरी सञ्चालन गरिएको कार्यक्रमले उनीहरुलाई घर व्यवहार चलाउन र सन्तानलाई विद्यालय पठाउन सहज भएको सुनाए।

सप्तरीका तिलाठीकोइलाडी गाउँपालिका ७ का कृषक अरुणकुमार साहले तरकारीमा लाग्ने विभिन्न खाले कीरा नियन्त्रणका लागि आवश्यक पर्ने सामाग्री सहित विषादी बनाउने र छर्ने ज्ञान समेत संस्थाका प्राविधिकले सिकाएपछि खेती गर्न र उत्पादन वृद्धि गर्न सहज भएको सुनाए।

समुन्नती कार्यक्रम अन्तर्गत २०१४ (अंग्रेजी वर्ष) सालदेखि जिल्लाको विभिन्न पालिकाको अति विपन्न बस्तीमा पुगेर १५ वटा कृषक समूहको गठन गरी यस्तो अभियान चलाइएको र यसले ती परिवारको जीवन स्तरमा सुधार आउनुका साथै उनका सन्तानको विद्यालयमा पहुँच बढाउन सहज भएको कार्यक्रम संयोजक संतोष कुमार यादवको भनाइ छ।

सप्तरीमा कुल ६८ हजार हेक्टर खेती योग्य जग्गा रहेको छ। जस मध्ये करिव १३ हजार हेक्टर जग्गामा तरकारी खेती हुने गरेको कृषि ज्ञान केन्द्र सप्तरीका प्रमुख किसुनदेव राउतले जानकारी दिए । उनले पिछडिएको समुदायलाई माथि उकास्न सेभ द सप्तरी तथा सेभ द चिल्ड्रेनले मिलेर चलाएको कार्यक्रमले विपन्न समुदायमा सकारात्मक परिवर्तन देखिएको बताए । सामुहिक रुपमा पिछडिएका समुदाय व्यवसायीक खेतीमा लागेपछि उत्पादनमा मात्र होइन, उनीहरुको आयस्तरमा पनि वृद्धि हुने उनको विश्वास छ।

पछिल्लो समय कृषक समूहले देखाएको उत्साहबाट पाठ सिकेर अन्य पालिकाका समेत विपन्न समुदायका व्यक्ति अघि बढ्न सके उत्पादन वृद्धि सँगै उनीहरुको शिक्षा र स्वास्थ्यमा पहुँच तथा परिवारको आर्थिक अवस्थामा सुधार आउन सकने विश्वास व्यक्त गरिएको छ।

# गभर्नर अधिकारीको राजीनामासहित नौं बुँदे माग गर्दै प्रदर्शन




टुडे समाचारदाता

जनकपुरधाम। लघुवित्त पीडित संस्थाहरूले नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीको राजीनामासहित नौं बुँदे मागसहित जनकपुरधाममा प्रदर्शन गरिएको छ।

जनकपुरधामको विभिन्न चोकको परिक्रमा गर्दै नेपाल राष्ट्र बैंक जनकपुरको कार्यालय अगाडि लघुवित्तीय संस्थाविरुद्धको संघर्ष समितिले प्रदर्शन गरेका छन्।

प्रदर्शनकारीहरुले नवसामन्तीको रुपमा स्थापित लघुवित्त तथा वित्तीय संस्था खारेज गर्नुपर्ने, लघुवित्तीय संस्थाद्वारा लगाइएको सामूहिक ऋण मिनाहा गर्नुपर्ने, आवश्यकता र क्षमताको आधारमा काम र दामको व्यवस्था गर्नुपर्ने, समाजवादी अर्थतन्त्रको विकास गर्नुपर्ने, जनपक्षीय मौद्रिक नीति कायम गर्नुपर्ने भन्दै प्रदर्शन गरेका थिए।

उनीहरूले कालोसूची तथा धितो लिलाम फुकुवा गर्नुपर्ने, भूमिहीन तथा वित्तीय शोषणका पीडितहरूलाई मुआब्जाको व्यवस्था गर्नुपर्ने र प्रत्यक्ष निर्वाचित राष्ट्र प्रमुखको व्यवस्था गर्नुपर्नेसमेत माग गरेका छन्।

लघु वित्तका नाममा धेरै बचतकर्ताहरूको बचत रकम हिनामिना भएपछि मधेश प्रदेशको ८ वटै जिल्लाबाट आएका पीडितहरुले राष्ट्र बैंकलाई दबाब दिने उद्देश्यले जनकपुरधाममा प्रदर्शन गरेका थिए।

# प्रमुख मिश्रमाथि अनियमितताको आरोप



टुडे समाचारदाता

जनकपुरधाम । जनस्वास्थ्य प्रयोगशाला जनकपुरधामका प्रमुख श्रवणकुमार मिश्रमाथि व्यापक आर्थिक अनियमितता गरेको आरोप लगाइएको छ । सचेत नागरिक समाजको एक टोलीले मुख्यमन्त्री सरोजकुमार यादवलाई बुझाएको ज्ञापनपत्रमा उनीमाथि २० बुँदे विभिन्न आरोप लगाइएको छ।

प्रदेश जनस्वास्थ्य प्रयोगशालाद्वारा मिलेमतोमा स्पेशिफिकेशन तयार गरी मधेश प्रदेशका आठै जिल्लाका स्थानीय तहमा ल्याव संचालन गर्न एकै कम्पनीलाई टेण्डर दिइ आर्थिक अनियमितता गरेको आरोप लगाइएको छ। सो ल्याव सञ्चालन गर्न तयार पारेको चेकलिष्ट अनुसारको उपकरण र सरसमानहरु अहिले सम्म सवै ठाउँमा नपुगेकोले यस सम्बन्धी छानबिन गर्न यस कार्यालयबाट छानबिन समिति गठन गरी आवश्यक कारबाहीकालागि मुख्यमन्त्री संग माग गरिएको छ।

स्थानीय तहमा ल्याब संचालन गर्न करारमा भर्ना गरेका कर्मचारीहरुसंग लाखौं रकम असुलेर मात्र नियुक्ति दिएको प्रमाण यत्रतत्र बजारमा सुन्न पाइएको सो ज्ञापनपत्रमा उल्लेख गरिएको छ । आर्थिक खरिद नियमावली बिपरीत चालु आर्थिक वर्षमा ५० भन्दा बढी कर्मचारी बिना सूचना नियुक्ति गरेको प्रमुख मिश्रमाथि आरोप लगाइएको छ।

उनीमाथि विभिन्न पदकालागि गरिएको विज्ञापनमा प्रश्नपत्र आफै तयार गर्ने र आफै परीक्षा लिने गरेका कारण व्यापक आर्थिक अनियमितता गरिएको उनीमाथि आरोप लगाइएको छ।

आर्थिक खरिद नियमावली विपरीत म्याद नियम बमोजिम सूचना प्रकाशन नगरी मिलेमतोमा आफ्नो मान्छेलाई खरिद गर्न आदेश दिई कमिसन खाएको, स्थानीय चुनावमा उम्मेदवार भएको व्यक्तिलाई पुनः कर्मचारी नियुक्त गरेको, आफ्नै दाई र भाईलाई तलव भत्ता खुवाएको, प्रयोगशालामा आफ्नो नातागोता र लेनदेनमा मात्र कर्मचारी भर्ना गरेको लगायत २० बुँदे आरोप लगाइएको छ।

# गौर भन्सार कार्यालयद्वारा बरामद गरिएका सवारीसाधनको लिलामी प्रक्रिया सुरु



टुडे समाचारदाता

रौतहट । विभिन्न मुद्दामा बरामद गरी जिल्ला भन्सार कार्यालय गौरमा दाखिला गरिएका सवारीसाधन समयमा लिलाम नहुँदा कवाडी बन्दै गएपछि लिलामी प्रक्रिया अघि बढाएको छ।

२०७५ सालदेखि नै अलपत्र अवस्थामा थन्किएका दुई हजारभन्दा बढी सवारी साधनको समयमै लिलाम नगरिँदा कबाडी बनेको सर्वत्र चर्चा चलेपछि कार्यालयले ती गाडीको चालु आर्थिक वर्ष मै लिलाम गर्ने गरी पक्रिया अघि बढाएको छ।

नेपाल प्रहरी र सशस्त्र प्रहरीले विभिन्न मितिमा पक्राउ गरी दाखिला गरेका करोडौं मूल्य बराबरका दुई पाङ्ग्रे र चार पाङ्ग्रे सवार ीसाधन अलपत्र र अव्यवस्थित अवस्थामा रहेको कारण घाम, वर्षा, शीत, डुबान लगायत कलपुर्जा चोरीले गर्दा अधिकांश गाडी थोत्रा( कबाडी) बनेको सहजै अनुमान लगाउन सकिन्छ।

विगत पाँच वर्षदेखि भन्सार कार्यालय परिसरमा थन्किएका ६० वटाभन्दा बढी चार पाङ्ग्रे र दुई हजारभन्दा बढी दुई पाङ्ग्रे सवारीका साधनलाई हाल भन्सार कार्यालय नजिकै रहेको सशस्त्र प्रहरी क्याम्पको चौरमा व्यवस्थित तरिकाले राखी गाडीको 'इन्जिन' तथा 'चेचिस' नम्बर टिप्ने कार्य भएको भन्सार कार्यालयका सूचना अधिकारी रेवतीराम रोक्काले जानकारी दिनुभयो।

उहाँ भन्नुहुन्छ, "गाडीको इन्जिन तथा चेचिस नम्बर टिप्ने कार्य सकिएपछि त्यसको लगत सम्बन्धित डिलरमा पठाई उत्पादन वर्षको जानकारी लिइन्छ। त्यसको आधारमा र गाडीको कण्डिसनको आधारमा इन्जिनियरले मूल्याङ्कन गरेपछि मात्र लिलामको लागि सूचना प्रकाशित गराइन्छ । चालु आर्थिक वर्षभित्रै लिलाम सम्पन्न गरिनेछ।"

सुरक्षाकर्मीले विभिन्न मितिमा पक्राउ गरी दाखिला गरेका ती सवारीको लिलाम समयमै भएको भए राजस्व पनि राम्रैप्राप्त हुन्थ्यो तर भन्सार कार्यालयको उदासीनताले समयमा लिलाम हुन नसक्दा कबाडी बनेका ती गाडीबाट सोचेजस्तो राजश्व असुल नहुने गौर नगरपालिकाका युवा समाज सेवी अशोक कुशवाहाको गुनासो छ । सुरक्षाकर्मीले चालु हालतमा भन्सार कार्यालय दाखिला गरेको सवारीसाधन अहिले अधिकांश कामै नलाग्ने स्थितिमा रहेको भन्सारका कर्मचारी नै बताउँछन्।

# तीन कानुन व्यवसायीलाई सम्मान



टुडे समाचारदाता

राजविराज । खेलकुद क्षेत्रमा योगदान दिदै कानुनी क्षेत्रमा समेत सफल रहेका तीन जना कानुन व्यवसायीलाई मंगलवार जिल्ला खेलकुद विकास समितिले एक कार्यक्रमको आयोजना गरी सम्मान गरेको छ।

हालै सम्पन्न उच्च अदालत बार एशोसिएशन राजविराजको अध्यक्ष पदमा निर्वाचित भएका हरेराम यादव तथा कोषाध्यक्ष उमाशंकर देव र सदस्य दिनेश प्रसाद सिंहलाई सम्मान गरिएको छ।


सम्मानित मध्येका हरेराम पूर्व कराँते खेलाडी तथा कराँते महासंघ सप्तरीको वर्तमान अध्यक्ष समेत रहेका छन् । यस्तै कोषाध्यक्ष पदमा निर्वाचित उमाशंकर देव व्याडमिन्टन खेलाडी तथा सदस्य पदमा निर्वाचित दिनेश प्रसाद सिंह जिल्ला खेलकुद विकास समितिका पूर्व कोषाध्यक्ष छन्।

पुस १४ गते सम्पन्न बार एशोसिएसनको निर्वाचनमा उनीहरु विजयी भएका थिए । उनीहरुलाई जिल्ला खेलकुद विकास समितिको कार्यालय प्रमुख दिनेश भुजेलले कदर पत्र तथा दोसल्लाबाट सम्मान गरे। सम्मान ग्रहण गर्दै अध्यक्ष हरेराम यादवले सफलताका लागि शिक्षा र स्वास्थ्य दुबै आवश्यक रहेको बताए।

उनले स्वस्थ्य रहनुका साथै अनुशासनको मामिलामा खेलकुदले ठूलो सहयोग पुऱ्याउने भन्दै आफू कानुन व्यवसायी रहँदा रहदै पनि जिल्लामा खेलकुदको विकासका लागि समेत उत्तिकै सक्रिय रहने प्रतिबद्धता जनाए।

सो अवसरमा जिल्ला खेलकुद विकास समितिका कार्यलय प्रमुख भुजेलका साथै मधेश प्रदेश खेलकुद कर्मचारी संघका उपाध्यक्ष एवं कराँते प्रशिक्षक उमेश गुरुङ्ग, खेलकुद पत्रकार मञ्च सप्तरीका अध्यक्ष मनोज कुमार माझी, जिल्ला फुटवल संघका महासचिव रमेश श्रेष्ठ लगायतले बधाई तथा शुभकामना दिएका थिए।

# डेढ क्विन्टल भन्दा बढी गाँजा बरामद



टुडे समाचारदाता

वीरगञ्ज । सशस्त्र प्रहरी बल पर्साले १ सय ६८ किलो गाँजा बरामद गरेको छ।

सशस्त्र प्रहरी उपरीक्षक किशन कर्माचार्यका अनुसार विशेष सूचनाका आधारमा प्रस्तावित सीमा सुरक्षा गुल्म भिखमपुरको टोलीले वीरगञ्जबाट ठोरीतर्फ जाँदै गरेको बा.११ च ९६८६ नम्बरको पिकअप गाडीलाई चेक गर्दा १६८ किलो गाँजा बरामद भएको छ । पिकअपमा फल्स बटम बनाइ गाँजा लुकाएर राखिएको अवस्थामा १६ पोका फेला परेको थियो। १६ वटा पोकाभित्र १ सय ६८ किलो गाँजा थियो। गाडीबाट ७८ हजार ५ सय रुपैयाँसमेत बरामद भएको थियो । चालक, सहचालक, पिकअप गाडी र रुपैयाँ थप अनुसन्धानका लागि नेपाल प्रहरीको जिम्मा लगाएको सशस्त्र प्रहरी बलले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८